कृषि विभाग अन्तर्गत संचालित

# मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७०

## (दोस्रो संशोधन २०७५)

नेपाल सरकार (सचिवस्तर) को मिति २०७०/०९/१८ को निर्णयबाट स्वीकृत
नेपाल सरकार (सचिवस्तर) को मिति २०७३/०९/०१ को निर्णयबाट प्रथम संशोधन स्वीकृत
नेपाल सरकार (सचिवस्तर) को मिति २०७५/०६/..१६को निर्णयबाट दोस्रो संशोधन स्वीकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

आश्विन, २०७५

प्रस्तावना

कृषि प्रधान देश नेपालमा ६५.६ प्रतिशत जनताको जीविकोपार्जनको स्रोत कृषि रहेको र कुल ग्राहस्थ उत्पादनमा करिव २७.६ प्रतिशत कृषि क्षेत्रले योगदान गरेको अवस्था छ । देशको रोजगारीको प्रमुख क्षेत्र कृषि भएकोले कृषि व्यवसायलाई व्यवसायिक, प्रतिस्पर्धि र वातावरण अनुकुल बनाई कृषि उपजको उत्पादन तथा आन्तरिक खपत बढाई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने मूल उद्देश्य राखी मौरी, रेशम र च्याउ सम्बन्धी कार्यक्रममा अनुदानको व्यवस्था गरी कृषिमा नेपाली नागरिकलाई आकर्षित गर्न विशेष कार्यक्रम संचालनमा ल्याइएको छ ।

न्युन आय भएका कृषक वर्गलाई रेशम खेती, मौरी गोला तथा मौरीपालन सामाग्रीमा अनुदान दिई महको उत्पादन बढाउने मौरीपालन सम्बन्धी औजार उपकरणको उद्योग व्यवसाय गर्ने व्यवसायी तथा युवा वर्गलाई व्यवसायिक मौरीपालन, च्याउ तथा च्याउ बीउ उत्पादन र रेशम धागो तथा रेशम कपडा उत्पादन कार्यमा आकर्षित गर्न अनुदान प्रवाह गरी प्रवर्द्धन गर्न वाञ्छनिय भएकोले मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को पहिलो संशोधन २०७३ उपर थप संशोधन गर्न आवश्यक देखिएकोले नेपाल सरकारबाट मौरी, च्याउ र रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० (दोस्रो संशोधन २०७५) लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम "मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० (दोस्रो संशोधन २०७५)" रहेको छ ।

१.२ यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ **"व्यवसायिक कीट विकास कार्यक्रम"** भन्नाले मौरीपालन, रेशम तथा च्याउ खेतीसँग सम्बन्धित कार्यक्रम सम्झनु पर्दछ ।

२.२ **"च्याउ उत्पादन कार्यक्रम"** भन्नाले ताजा च्याउ उत्पादन, प्रशोधन तथा बिक्री वितरण सम्बन्धी काम गर्ने र च्याउको बीउ उत्पादन तथा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्दछ ।

२.३ **"मौरीपालन व्यवसाय"** भन्नाले मौरीपालनको लागि प्रयोगमा आउने सामाग्रीहरु उत्पादन, मौरीपालन मार्फत मह र अन्य मौरीजन्य वस्तुहरुको उत्पादन, मह प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरूको निर्माण एवं बिक्री वितरण, मह र मौरीजन्य वस्तुहरूको प्रशोधन, गुणस्तर मापन, प्रमाणीकरण र विदेश निकासी गर्ने सम्मका कार्यक्रम बुझाउँछ ।

२.४. **"न्युन आय भएका कृषक"** भन्नाले औसत राष्ट्रिय वार्षिक आय भन्दा कम आय भएका कृषक बुझ्नु पर्दछ ।

२.५ **"व्यवसायिक मौरी कृषक"** भन्नाले सेरेना मौरीको हकमा कम्तिमा २५ घार र मेलिफेरा मौरीको हकमा कम्तिमा ५० घार मौरीपालन गर्ने कृषक, सहकारी संघ/संस्था, फर्म वा कम्पनी बुझ्नु पर्दछ ।

२.६ **"मह तथा मौरीजन्य उत्पादन व्यवसायी"** भन्नाले मह संकलन, प्रशोधन तथा बेचबिखन गर्ने, मौरी घार तथा मौरीपालन उपकरणहरु उत्पादन गरी बिक्री बितरण गर्ने कारोबार गर्ने उद्योग व्यवसाय दर्ता गरेको कृषक, सहकारी संघ/संस्था, फर्म वा कम्पनी सम्झनु पर्दछ ।

२.७ **"व्यवसायिक च्याउ खेती गर्ने कृषक"** भन्नाले वर्ष भरीमा कम्पोष्ट वा पराल वा अन्य माध्यममा च्याउको खेती गरी कम्तिमा वार्षिक ५ लाख आम्दानी गर्न सक्ने कृषक, सहकारी संघ/संस्था, फर्म वा कम्पनी बुझ्नु पर्दछ ।

२.८ "पेरीअर्वन क्षेत्र" भन्नाले शहरको छेउछाउ र शहरसँग जोडिएका यातायातको सुविधा भएका क्षेत्र पर्दछन् ।

२.९ "मह निर्यात प्रवर्द्धन" भन्नाले व्यवसायिक रुपमा मह उत्पादन, उत्पादित महको प्रशोधन, गुणस्तर मापन, प्याकिङ तथा विदेश निकासी गर्ने कार्य जनाउँछ ।

२.१० "रेशमखेती विकास कार्यक्रम" ले किम्बुखेती गरी रेशम किरापालन गर्ने कार्यसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरूलाई बुझाउँछ ।

२.११ "किम्बु खेती विस्तार" कार्यक्रमले किम्बु बिरुवा उत्पादन, बिक्री वितरण, किम्बु बिरुवा रोपण गरी किम्बु बगैंचाको क्षेत्र विस्तार गर्ने कार्यलाई बुझाउँछ ।

२.१२ "रेशम किरापालन" भन्नाले रेशम बीज उत्पादन, भण्डारण, वितरण, साना किरापालन, ठूला किरापालन, बीज कोया उत्पादन, कोया टिप्ने, सुकाउने तथा बिक्री वितरण गर्ने सम्मका क्रियाकलापहरुलाई बुझाउँछ ।

२.१३ "रेशमजन्य उद्योग" भन्नाले ताजा कोया खरिद गरी सुकाउने, धागो निकाल्ने, कपडा तयार गर्ने, किम्बु र रेशम कीराबाट तयार हुने विभिन्न रेशमजन्य वस्तु उत्पादन गरी बिक्री वितरण सम्बन्धी कार्यहरू गर्ने सामूहिक, सहकारी वा व्यक्तिगत व्यवसायलाई जनाउँछ ।

२.१४ "व्यवसायिक रेशम कृषक" भन्नाले कम्तिमा पनि १० रोपनीमा किम्बुखेती गरी एक पटकमा कम्तिमा ४ बाकस (८०,००० कीरा) रेशमकीरा पालन गर्ने कृषक, सहकारी संघ/संस्था, फर्म वा कम्पनी बुझ्नु पर्दछ ।

२.१५ "रेशम व्यवसायी" भन्नाले नियमित रुपमा कृषकहरूबाट उत्पादित रेशम कोया संकलन गर्ने, धागो निकाल्ने, रेशम कपडा तथा अन्य रेशम जन्य वस्तु उत्पादन गरी बिक्री वितरणको कारोबार गर्ने उद्योग व्यवसाय दर्ता गरेको व्यक्ति, सहकारी संघ/संस्था र फर्म सम्झनु पर्दछ ।

२.१६ "एपी-टुरिजम" भन्नाले मौरीपालनको माध्यमबाट विदेशी तथा स्वदेशी पर्यटकहरूलाई आकर्षण गर्ने विभिन्न क्रियाकलापलाई बुझाउँछ ।

३. उद्देश्य :

यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन् :

क) विभिन्न जनचेतनामूलक कार्यक्रम मार्फत मह र च्याउको व्यवसायीकरण, आन्तरिक उपभोगमा वृद्धि तथा खाद्य पोषणमा सुधार ल्याइ जनताको आयआर्जनमा बृद्धि गराउने ।

ख) गुणस्तरयुक्त मह, मौरीजन्य सह-उत्पादनहरुको प्रवर्द्धन गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

ग) रेशमखेतीलाई व्यवसायिकरण गर्न प्रेरित गराइ आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।

घ) मौरीपालन, च्याउखेती तथा रेशम उद्योगको प्रवर्द्धनमा वन क्षेत्रको समेत सदुपयोग गरी कृषक/व्यवसायीहरुलाई आत्मनिर्भरता प्रदान गर्ने ।

ङ) मौरी, च्याउ र रेशम विकास कार्यक्रमको प्रभावकारिता बढाउन सर्भे सर्भिलेन्सका कार्यक्रमहरु संचालन गर्ने ।

च) मौरी चरन क्षेत्रको विकास, बिस्तार र सम्वृद्ध बनाउन अध्ययन अनुसन्धान तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

छ) मौरी एवं मौरीजन्य उत्पादनको सहज र सुलभ बजारीकरणको लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने र गर्न सहयोग पुऱ्याउने ।

ज) मौरीपालन व्यवसायको दिगो संरक्षण, सम्वर्धन र व्यवसायिक उपयोगको लागि बिषादी रहित कृषि प्रणाली प्रवर्द्धनका लागि सहभागितात्मक जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

सचिव

परिच्छेद २

४. मौरीपालन

४.१ मौरीपालनबाट गरिबी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रम:

क) भूमिहिन, गरिब तथा न्यून आय भएका कृषक समुदायहरू बसोबास गर्ने क्षेत्रहरूको छनौट गरिनेछ ।

ख) गरिबीको रेखामुनी रहेका र आफ्नो जमिनको उत्पादनले वर्षदिन खान नपुग्ने र पेरिअर्वन क्षेत्रमा रहेका चेपाङ र अन्य समुदायहरूलाई लक्षित गरी यो कार्यक्रम संचालन गरिनेछ ।

ग) कार्यक्रमसँग सम्वन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र जिल्ला समन्वय समिति समेतको सहयोग र सहकार्यमा चेपाङ जस्तै अन्य गरिब विपन्न परिवारको बाहुल्यता भएको मौरीपालनको हकमा जंगल र मौरी चरन क्षेत्र भएको पहिचान गरी कार्यक्रम संचालन गरिनेछ ।

घ) प्रस्तवित कार्यक्रमहरू (अनुसूची २) प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बन्धित क्षेत्रमा गएर (अनुसूची ६) भौगोलिक तथा प्राविधिक पक्षहरूको स्थलगत निरीक्षण गरी प्राथमिकता क्रम निर्धारण गरिने छ । उपलब्ध भएका योजनाहरू मध्येबाट स्वीकृत कार्यक्रम-बजेटको परिधिमा रही प्राथमिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरी पेश गरिने छ । कार्यक्रम स्वीकृत भैसकेपछि सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र मार्फत सम्झौता (अनुसूची ४) गरी कार्यक्रम संचालन गरिनेछ ।

ङ) समूहमा आवद्ध इच्छुक कृषकहरूलाई ३ देखि ७ दिने सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गरिनेछ ।

च) तालिम प्राप्त कृषकहरूले तालिममा सिके अनुसारको मौरीपालन गर्नुपर्नेछ ।

छ) मौरीपालन गर्ने कृषकले मौरी चरनको विकास र विस्तार गर्न आवश्यक पर्ने चिउरी लगायतका अन्य मौरी चरन उपयोगी बोट बिरुवा लगाउन तथा संरक्षण गर्न प्रोत्साहित गरिने छ । यसको लागि वन कार्यालय र वन उपभोक्ता समितिहरूसँगको समन्वय र सहकार्यमा आगामी आ.व.हरूमा कार्यक्रम योजना तर्जुमा गरिनेछ ।

ज) प्राप्त भएका योजनाहरूको प्राथमिकता क्रम निर्धारण गर्नको लागि अनुसूची ७ अनुसारको कार्यक्रम कार्यन्वयन समितिको व्यवस्था गरिनेछ ।

४.२ आर्थिक पक्ष: मौरीपालनबाट गरिबी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ :

क) तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको नियमानुसारको पारिश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालिम संचालन गर्न आवश्यक पर्ने सामाग्रीहरूको नियमानुसारको खर्चहरू ।

ख) पाँच हजार चिउरी लगायत अन्य मौरी चरन मैत्री बिरुवा उत्पादन गर्ने नर्सरी स्थापना गर्न आवश्यक खर्चमा प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिने ।

ग) मौरीपालन गर्न आवश्यक पर्ने घार तथा अन्य उपकरणहरू एक पटकलाई ९० प्रतिशत अनुदानमा सम्बन्धित मौरीपालन कार्यालय वा व्यवसायिक कीट विकास केन्द्रमा सूची दर्ता गरेका स्रोत केन्द्रहरूबाट लक्ष्य अनुसारको संख्यामा खरिद गरी वितरण गर्ने वा व्यवसायिक कीट विकास केन्द्रले तोकेको अनुसूची १८ अनुसारका स्रोत केन्द्रबाट खरिद गर्न लगाई स्रोत केन्द्रलाई लागत मूल्यमा ९० प्रतिशत मूल्य अनुदान दिने ।

घ) स्थानीयस्तरमा उपलब्ध हुन नसक्ने आवश्यक सामाग्रीहरू कार्यस्थलसम्म ढुवानी गरी लैजादा लाग्ने स्थानीय दररेट अनुसारको सत प्रतिशत ढुवानी ।

सचिव

ङ) मौरीपालन तथा मह प्रशोधन र मौरीजन्य वस्तु उत्पादन प्याकिङमा प्रयोग हुने औजार उपकरणमा ९० प्रतिशतसम्म मूल्य अनुदानमा उपलब्ध गराउने ।

## ४.३ व्यवसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रम

### ४.३.१ व्यवसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रम संचालन:

क) व्यवसायिक रुपमा मौरीपालन गर्ने भनि पहिचान भएका स्थान, जिल्ला तथा महको व्यवसाय गर्ने अन्य क्षेत्रहरूमा व्यवसायिक रुपमा मौरीपालन गरी मह र मौरीजन्य वस्तुको उत्पादन र बिक्री वितरण गर्ने, मौरी घार गोला सहित मौरीपालन औजार उपकरणहरू निर्माण र बिक्री वितरण गर्ने, महको संकलन, प्रशोधन र बजारीकरण गर्ने, महको निकासी गर्न आवश्यक पर्ने मापदण्डहरूको तयारी गरी महको निकासी गर्ने उद्यमी व्यवसायीहरूलाई लक्षित गरी यो कार्यक्रम संचालन गरिनेछ ।

ख) यो कार्यक्रम संचालन गर्न महको व्यापार प्रवर्द्धनमा लागेका मह व्यवसायी, उद्यमी तथा मह उत्पादकहरूसँगको Public Private Partnership (PPP) र Public Private Co-operative (PPC) को अवधारणा अनुसार संचालन गरिनेछ ।

ग) यो कार्यक्रम समन्वय समितिले छनौट तथा सिफारिस गरेका आधारमा व्यवसायिक कीट विकास केन्द्र वा मौरी विकास केन्द्र/कार्यालयहरू मार्फत संचालन हुनेछ ।

घ) व्यवसायिक कीट विकास केन्द्र वा सम्वन्धित मौरी विकास केन्द्र/कार्यालयहरूले राष्ट्रिय पत्रिकामा प्रत्येक आ.व.को शुरूमा निश्चित समय सीमा राखी कार्यक्रम प्रस्तावको लागि सूचना आह्वान गर्नेछन् र सो अवधि भित्र सरोकारवालाहरूले प्रस्ताव पेश गर्नुपर्नेछ ।

ङ) मह उत्पादन तथा बजारीकरण सम्बन्धी प्राविधिक तालिमहरू आवश्यकता अनुसार व्यवसायिक कीट विकास केन्द्र र मौरी विकास केन्द्र/कार्यालयहरू मार्फत संचालन गरिनेछ ।

च) नियमानुसार तोकिएको अनुदान सहुलियत अनुदान बाहेक मह र मौरीसँग सम्वन्धित उद्योग व्यवसाय संचालन गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारको व्यवस्था गर्न आवश्यक पर्ने लगानी स्वयं संचालकहरूबाट गर्नु पर्नेछ ।

छ) स्रोत केन्द्र स्थापनाको लागि प्रस्ताव पेश गरी कार्यक्रम शुरू गरेका फर्म उद्योगहरूले सरकारी दररेट अनुसारको मूल्यमा मौरी रानु, मौरी घार गोला तथा मौरी उपकरणहरू उपलब्ध गराउनु पर्नेछ ।

ज) अनुसूची ७ अनुसारको कार्यक्रम कार्यन्वयन समितिबाट प्राप्त भएका योजनाहरूको प्राथमिकताक्रम निर्धारण गरी अनुदान प्रदान गरिनेछ ।

### ४.३.२ आर्थिक पक्ष: व्यवसायिक मह उत्पादन तथा मह निर्यात प्रवर्द्धन कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ :

क) मह प्रशोधनसँग सम्वन्धित औजार उपकरण तथा मौरी गोला सहितको घारमा ५० प्रतिशत अनुदान प्रदान गर्ने ।

ख) मौरीको रानु, मौरी घार र मौरी गोला उत्पादन स्रोत केन्द्र स्थापना गर्न आवश्यक पर्ने औजार उपकरण र अन्य सामाग्रीहरूमा ५० प्रतिशत वा एक पटकलाई बढीमा रु.१० लाखसम्मको अनुदान प्रदान गर्ने।

सचिव

ग) तोरी लगायतका बालीजन्य मौरी चरन क्षेत्रमा मौरी घार स्थानान्तरण तथा तोरी लगायतका बालीजन्य मौरी चरन क्षेत्र विकास कार्यक्रमको लागि कृषकहरूलाई सम्बन्धित बालीको बीउ, बिरुवा र मलखाद अनुदान शत प्रतिशत दिने ।

घ) व्यवसायिक मौरीपालक कृषकहरूलाई मौरीगोला घार वा आधार चाका एवं औजार उपकरणहरू मूल्य अनुदान दिदा व्यवसायिक कीट विकास केन्द्रबाट तोकेको स्रोत केन्द्रहरूबाट मात्र खरिद गर्न लगाई सम्बन्धित स्रोत केन्द्रलाई भूक्तानी दिइनेछ । अनुदान पाउने कृषकहरूलाई नगद अनुदान दिने ।

ङ) सूचना प्रवाह गर्न लाग्ने खर्च सम्बन्धित कार्यक्रमबाटै व्यवस्था गर्ने ।

### ४.४ एपी-टुरिजम कार्यक्रम

विदेशी पर्यटकहरूलाई नेपालमा रहँदा नेपालको मौलिकतामा उत्पादित मह र मौरीजन्य सह-उत्पादन सेवन गराई सन्तुष्टि दिनुका साथै विदेशी बजारमा नेपालको उत्पादनको माग होस भन्ने उद्देश्यका साथ यो कार्यक्रम संचालन गरिने छ । नेपालमा मह निकासी गर्न आवश्यक पर्ने मापदण्डहरू पूरा गर्ने एक्रिकेटेड प्रयोगशाला नहुनुले महको निकासी गर्न कठिनाई भई रहेको अवस्थामा नेपाल भ्रमणमा आएका विदेशी पाहुनाहरूलाई नेपालको हावापानी र बनस्पतीहरूको पुष्परसबाट तयार भएको महलाई तुरून्तै घारबाट निकालेर चाका सहित सेवन गराउने र नेपाली महको पौष्टिक मात्र होइन मेडिकल भ्यालु पनि छ भन्ने सन्देश दिई विश्व बजारमा नेपाली महको विशेषताबारे प्रचार प्रसार गर्ने यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । मौरीपालन केवल महको लागि मात्र नभइ मौरीबाट प्राप्त हुने अन्य मौरीजन्य उत्पादनहरू जस्तै: राजश्री खुराक, कुट, चोप र मैन समेतको प्रयोग बारे जनचेतना जागृत गर्ने र भविष्यमा एपी-थेरापी सम्मको कार्यक्रमहरू पनि संचालन गरी मौरीपालनकै माध्यमबाट स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षण गर्नु नै यो कार्यक्रमको लक्ष्य हुनेछ ।

#### ४.४.१ एपी-टुरिजम कार्यक्रम संचालन:

क) पर्यटकहरूको बढी आवतजावत गर्न सक्ने, यातायतको सुबिधा भएको र मौरी चरनको लागि प्राकृतिक तथा मानव निर्मित मौरी चरनको व्यवस्था भएको र सम्भव भएसम्म होमस्टेको समेत व्यवस्था भएको आधारमा एपी-टुरिजम जिल्ला वा क्षेत्र निर्धारण गरिनेछ ।

ख) आवश्यक पुर्वाधार भएको र मौरीपालनको लागि सम्भावना भएका जिल्लाहरूमा एपी-टुरिजम संचालन गर्न इच्छुक व्यवसायी वा समूहहरूलाई सूचना प्रकाशन गरी निवेदन दिनको लागि आह्वान गरिने छ ।

ग) यो कार्यक्रम व्यवसायिक कीट विकास केन्द्र वा मौरी विकास केन्द्र/कार्यालयहरूबाट संचालन हुनेछ ।

घ) यो कार्यक्रम संचालन गर्ने व्यवसायी वा समूहले मौरीघार राख्ने ठाउँको वरिपरी वा एक कि.मी.को दुरीसम्म भए पनि मौरी चरनलाई उपयुक्त हुने मौसम अनुसारका बाली वा फूलका बोट बिरुवाहरू लगाउनु पर्नेछ ।

ङ) अनुसूची १ अनुसारको आवेदन दिने व्यक्ति वा समुहहरूको छनौट अनुसूची ७ अनुसारको कार्यान्वयन समितिले गर्नेछ ।

४.४.२ **आर्थिक पक्षः** व्यवसायिक कीट विकास केन्द्र वा मौरी विकास केन्द्र/कार्यालयहरूले स्वीकृत कार्यक्रमको आधारमा निम्न शीर्षकहरूमा खर्च गर्ने लागत अनुमान तयार गरी सोही अनुसार खर्च गर्ने गराउने व्यवस्था मिलाइनेछ :

सचिव

क) एपी-टुरिजम पकेट क्षेत्रको सम्भाव्यता अध्ययन तथा प्रचार प्रसार गर्न आवश्यक पर्ने खर्चहरू ।

ख) एपी-टुरिजम पकेट क्षेत्र स्थापनाको लागि कम्तिमा पनि ५० वटा घार गोला र मौरीपालन उपकरणहरू सहितको सेटमा स्थानीय दररेट अनुसारको मूल्यको पहिलो पटक ९० प्रतिशत मूल्य छुटमा सामान उपलब्ध गराउँदा लाग्ने खर्चहरू ।

ग) एपी-टुरिजम पकेट क्षेत्र निर्धारण गर्दा आवेदन छनौट गर्दा जाने छनौट समिति तथा सम्भाव्यता अध्ययन र प्राविधिक सेवाटेवा दिन वर्षमा कम्तिमा पनि ४ पटक अनुगमन गर्न जाने विषय विशेषज्ञको नियमानुसारको दैनिक भत्ता तथा दैनिक भ्रमण भत्ताका खर्चहरू ।

घ) सूचना प्रकाशन, होर्डिङ बोर्ड तथा अन्य भैपरी आउने खर्चहरू ।

**४.५ सामुदायिक वा कबुलियत वनसँगको सहकार्यमा विपन्न वर्ग लक्षित मौरी विकास कार्यक्रम संचालन:** नेपालमा मौरी चरनको मुख्य स्रोत भनेकै प्राकृतिक वन जंगल नै हो । मौरी चरनको मुख्य स्रोतको रुपमा रहेका सामुदायिक वा कबुलियत वनजङ्गलहरूका उपभोक्ताहरूलाई वनबाट अतिरिक्त आम्दानी लिन र सामुदायिक वनहरूमा मौरीको लागि उपयुक्त हुने बोट बिरुवाहरू रोपण गर्दै मौरी चरनको विकास, विस्तार, संरक्षण र सम्बृद्ध बनाउन वन उपभोक्ताहरूलाई नै उत्प्रेरित गराउने उद्देश्यकासाथ यो कार्यक्रम संचालन गरिनेछ ।

**४.५.१ सामुदायिक वा कबुलियत वनसँगको सहकार्यमा विपन्न वर्ग लक्षित मौरी विकास कार्यक्रम:**

क) प्राकृतिक रुपमा मौरीचरन उपलब्ध हुन सक्ने सामुदायिक वा कबुलियत वन भएका र उपभोक्ताको रुपमा विपन्न वर्गका समुदायहरू रहेका क्षेत्रका जिल्लाहरू कार्यक्रम प्रस्तावका समयमै जिल्ला विशेष तोकी या जिल्ला विशेष नतोकिए पनि सम्भाव्य जिल्ला वा क्षेत्रहरूलाई आधार मानी कार्यक्रम योजना प्रस्ताव गरिनेछ ।

ख) यो कार्यक्रम व्यवसायिक कीट विकास केन्द्र वा मौरी विकास केन्द्र/कार्यालयहरू मार्फत संचालन हुनेछ ।

ग) कार्यक्रम संचालन गर्नुपूर्व सम्बन्धित डिभिजन वन कार्यालयहरूसँग समन्वय गरी सरोकारवालहरू समेतको संलग्नतामा २ वटा अन्तरक्रिया गोष्ठी संचालन गरिनेछ।

घ) यदि गोष्ठीबाट जिल्लाका मौरीपालनको लागि उपयुक्त सहमतिको आधारमा १ मात्र समूह निर्णय भएमा सोही समूह मार्फत कार्य प्रारम्भ गर्ने र २ वा २ भन्दा बढी सामुदायिक वा कबुलियत वन उपभोक्ता समूहहरू इच्छुक भएमा ७ दिनको समयावधि राखी सम्बन्धित डिभिजन वन कार्यालयमा नै आवेदनको लागि सूचना टाँस गरिनेछ ।

ङ) आवेदन दिने समूहहरू मध्ये लक्ष्य अनुसारका समूह छनौट तथा कार्यान्वयन अनुसूची ७ अनुसारको कार्यक्रम कार्यन्वयन समिति गठन गरिने छ । सो समितिले नै समूह छनौट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गरिनेछ ।

च) न्यून आय भएका र महिला उपभोक्ताहरू समावेश रहेको समूहलाई प्राथमिकता दिइनेछ ।

**४.५.२ आर्थिक पक्ष:** सामुदायिक वा कबुलियत वनसँगको सहकार्यमा विपन्न वर्ग लक्षित मौरी विकास कार्यक्रम संचालनको आर्थिक पक्ष निम्नानुसार हुनेछ :

क) छनौट भएका वन उपभोक्ता समूहहरूलाई नगद अनुदान नदिई मौरी गोला घार, आधारचाका र अन्य उपकरणहरू अनुसूची १८ अनुसारका मापदण्ड पूरा गरेका

स्रोत केन्दहरुबाट सार्वजनिक खरिद नियमावली अनुसार खरीद गरी उपलब्ध गराइने ।

ख) मौरी चरन क्षेत्र विस्तारको लागि आवश्यक पर्ने फूल वा चिउरीको बोट बिरुवा उत्पादन गर्न आवश्यक पर्ने नर्सरी स्थापनाको लागि रु.५०,०००।- सम्बन्धित उपभोक्ता समितिलाई उपलब्ध गराइने ।

ग) गोष्ठी तथा तालिम संचालन गर्दा लाग्ने खर्च केन्द्रबाट भूक्तानी हुने व्यवस्था मिलाइने ।

घ) कार्यक्रमको विस्तृत खर्च विवरण अनुसूची ८ मा उल्लेख गरिएको छ ।

## ४.६ गुणस्तर रानु उत्पादन कार्यक्रम

मौरीको गोला मजबुत, स्वास्थ्य एवं गुणस्तरिय हुनुमा रानु मौरीले प्रमुख भूमिका खेलेको हुन्छ । खास गरी बिदेशबाट आयातित मेलिफेरा जातको मौरीको रानुको गुणस्तर कायम गर्न नसक्दा मौरीपालक कृषकहरूको मह उत्पादनमा क्रमश: ह्रास हुँदै आइरहेको छ । यस समस्याबाट मुक्त पार्न मजबुत, स्वास्थ्य एवं गुणस्तरिय रानु सरकारी स्तरबाटै उत्पादन गरी कृषकहरूलाई वितरण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

### ४.६.१ गुणस्तर रानु उत्पादन कार्यक्रम

क) यो कार्यक्रम मौरी विकास केन्द्र/कार्यालयहरूले संचालन गर्ने छन् ।

ख) मेलिफेराको हकमा मौरीको आमा गोलाहरू छनौट गर्दा सकभर भाले र रानु छट्टा छट्टै क्षेत्रबाट समायोजन गर्ने गरी गरिनेछ ।

ग) फार्म केन्द्रहरूमा आमा गोला व्यवस्थापन गर्न नसकेमा मौरीपालनमा लामो अनुभव हासिल गरेका र विगत वर्षहरूमा पनि स्रोत केन्द्रको रुपमा रानु उत्पादन गरी घार गोला बिक्री वितरण गरेका अनुभवी व्यवसायिक मौरीपालकहरूलाई स्थान विशेष तोकी ३० दिनको अवधि राखी सूचना प्रवाह गरी आवेदन आह्वान गरिने छ । निर्धारित समयावधि भित्र आवेदन दिने व्यवसायीहरूको छनौट गरी रानु उत्पादन कार्य गर्ने जिम्मेवारी दिन सकिने छ । तर यस्ता निजी एपियरीहरूमा रानु उत्पादनको समयमा प्रविधिहरूको नियमित निगरानी राखु पर्नेछ । सेरेना मौरीको हकमा नेपालमा पाइने सेरेना मौरीको विभिन्न प्रजातीहरूबाट क्रस गराई गुणस्तरिय रानु उत्पादन गरिनेछ ।

घ) सरकारी फर्म वा सरकारी फर्मको अनुदानमा उत्पादित रानुहरू न्युनतम राजश्व शुल्क लिई मौरीपालक कृषकहरूलाई वितरण गरिने छ । रानु उत्पादन गर्नु अगावै मौरीपालक कृषक समूह, व्यवसायी वा सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरू मार्फत अग्रीम रानुको माग संकलन गरिनेछ ।

ङ) रानु उत्पादन गर्नको लागि स्रोत केन्द्रको पूर्वाधार भएका फर्म वा व्यवसायीहरूले मौरी विकास केन्द्र/कार्यालयहरूमा रानु उत्पादन स्रोत केन्द्र दर्ता गराएर दर्ता भएका स्रोत केन्द्रमा मौरी विषय विशेषज्ञहरूबाट गुणस्तर प्रमाणित गराएर मात्र रानु उत्पादन तथा बिक्री वितरण गर्न पाउने छन् ।

च) निजी क्षेत्रलाई रानु उत्पादन गर्न एपियरीको छनौट अनुसूची ६ अनुसारको समितिबाट गरिनेछ ।

### ४.६.२ आर्थिक पक्ष:

क) सरकारी मौरी फार्म केन्द्रमा लक्ष्य अनुसारका मौरी रानु उत्पादन तथा वितरण गर्दा अनुसूची १३ अनुसारको शीर्षकहरूलाई आधार मानी तोकिएको लक्ष्य र विनियोजित

वजेटको आधार लागत अनुमान तयार गरी व्यवसायिक कीट विकास केन्द्रबाट स्वीकृत गराई खर्च हुनेछ ।

ख) निजी क्षेत्र सरकारी फार्म केन्द्रमा लक्ष्य अनुसारको रानु उत्पादन गर्न नसकी निजी एपियरीहरूलाई रानु उत्पादन गर्न दिनु पर्ने अवस्थामा प्रति १००० वटा रानु उत्पादन गर्न तपसिल अनुसारको अनुदान रकम कार्य प्रगतिको आधारमा पहिलो पटक बढिमा ५० प्रतिशत र बाँकी रकम सम्बन्धित कार्यालय वा व्यवसायिक कीट विकास केन्द्रका प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात भूक्तानी गरिनेछ ।

| क्र. सं. | कार्य विवरण | केन्द्रले व्यहोर्ने बढीमा (रु.) | कृषक/व्यवसायीले व्यहोर्ने |
|---|---|---|---|
| १. | निजी क्षेत्रबाट १००० वटा गुणस्तर रानु उत्पादन गरी सम्बन्धित कार्यालयसम्म ढुवानी गर्दा लाग्ने खर्चमा अनुदान | ४,२५,०००।- | कम्तिमा पनि कुल लागतको १५ प्रतिशत |
| २. | अनुदानग्राहीहरूको मूल्याङ्कन समिति र अनुगमन गर्ने प्राविधिकहरूको दै.भ्र.भ. | ७५,०००।- | |
| | जम्मा: | ५,००,०००।- | कुल लागतको १५ प्रतिशत |

## ४.७ मौरी उपचार शिविर (बी क्लिनिक) संचालन

मौरीको रोग, कीरा र अन्य समस्याहरूको कारणहरूले गर्दा मह उत्पादनमा वर्षेनी २० प्रतिशत सम्म ह्रास भएको पाइएको छ । कृषकहरूले मौरीमा देखापर्ने समस्याहरूको सहि उपचार पर्याप्त मात्रामा प्राप्त गर्न सकिरहेका छैनन् । तसर्थ एउटा परीक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरिय एवं भरपर्दो मौरी उपचार पद्धतिको आवश्यकता टड्कारो छ, जसको समाधान भनेको मौरी उपचार शिविर (वी क्लिनिक) नै हो । मौरी उपचार शिविर एउटा यस्तो थलो हो जहाँ कृषकहरूले आफ्नो मौरीमा लागेको रोग, कीरा तथा अन्य समस्याको समस्याग्रस्त गोला, घार र मौरी फ्रेमको नमुना शिविरमा ल्याई मौरी विशेषज्ञहरूबाट समस्या पहिचान तथा समाधानका उपायहरूबारे सल्लाह प्राप्त गर्दछन् । नियमित मौरी उपचार शिविर निश्चित स्थानमा नियमित रुपमा आवश्यकता अनुसार एक हप्ता वा १५ दिन वा महिनाको १ पटक वा खास मौरीको समस्यायुक्त समयमा संचालन गरिन्छ भने घुम्ति मौरी उपचार शिविर मौरी चरनको क्षेत्रहरूको समस्याको आधारमा घुम्ति रुपमा संचालन गर्न सकिन्छ ।

### ४.७.१ कार्यक्रम संचालन प्रकृया

क) जिल्लाको मौरीपालन पकेट क्षेत्र वा मौरी चरन पकेट क्षेत्रलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रासायनिक बिषादीको अत्याधिक प्रयोग भैरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकहरूलाई सहभागी बनाउन पाएक पर्ने ठाउँमा मौरी उपचार शिविर संचालन गर्नु पर्दछ ।

ख) मौरी उपचार शिविर संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समयमै जानकारी दिनु पर्नेछ ।

ग) कृषकले ल्याएको मौरी नमुना र कृषकसँग लिइएको जानकारीको आधारमा समस्या पहिचान गरी समाधानका उपायहरू कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई

उपलब्ध गराउनु पर्नेछ । उक्त दिन मौरी नमुनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमुना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई मौरी व्यवस्थापनका उपायहरू सम्बन्धमा यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

घ) मौरी उपचार शिविर संचालन अवधि १ दिनको हुनेछ ।

ङ) मौरी उपचार शिविर मौरी विज्ञ वा मौरी उपचार विशेषज्ञ (बी क्लिनिक विशेषज्ञ) वा तालिम प्राप्त प्राविधिकको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ ।

च) जिल्लामा अन्य संघ/संस्था/निकायबाट यस प्रकारको मौरी उपचार शिविर संचालन गर्नु पर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित क्षेत्रको मौरी विकास केन्द्र/कार्यालयसँगको समन्वयमा संचालन गर्नु पर्नेछ ।

छ) मौरी उपचार शिविर संचालन गरिएका क्षेत्रबाट वार्षिक रुपमा शिविर संचालन स्थान, नमुना संकलन गरिएको क्षेत्र, देखिएको समस्याहरू र प्रदान गरिएका सुझावहरू उल्लेखित प्रतिवेदन व्यवसायिक कीट विकास केन्द्रमा पठाउने व्यवस्था गर्नु पर्नेछ ।

४.७.२ आर्थिक पक्षः मौरी उपचार शिविर कार्यक्रमको लक्ष्य भएका फार्म केन्द्रहरूले अनुसूची १४ अनुसारको शीर्षकहरूलाई आधार मानी तोकिएको लक्ष्य र विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी व्यवसायिक कीट विकास केन्द्रबाट स्वीकृत गराई खर्च गर्ने गराइनेछ ।

### ४.८ European Foul Brood (EFB) व्यवस्थापन

मौरीपालनले व्यवसायिक रूप लिंदै गइरहेकाले यस व्यवसायमा पनि विभिन्न रोग तथा समस्याहरू देखा पर्नु कुनै नौलो कुरा होइन । मौरीमा ब्याक्टेरियाबाट मौरीको लार्भा अवस्थामा लाग्ने यो रोग निकै खतरनाक रुपमा देखिन्छ । यो रोगबाट मौरीपालकहरूलाई सचेत गराई यसको नियन्त्रण र रोकथाम गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ ।

#### ४.८.१ कार्यक्रम संचालन कार्यविधि

क) यो कार्यक्रम मौरीपालकरूको पकेट क्षेत्रमा गई संचालन गरिनेछ ।

ख) सर्वप्रथम रोगी घार गोलाहरूको पहिचान गरी रोगी गोला छनौट गरिनेछ ।

ग) रोग लागेका घार गोलाहरूमा रोग नियन्त्रण र रोकथामका विभिन्न प्रकारका उपायहरूको अवलम्बन गरिनेछ ।

घ) कम्तिमा पनि ८ पटकसम्म हप्ताको १ पटक घार गोला निरीक्षण गरी सो को निरीक्षण प्रतिवेदन तयार गरी व्यवसायिक कीट विकास केन्द्रमा पठाउनु पर्नेछ ।

#### ४.८.२ आर्थिक पक्षः

यो कार्यक्रमको लक्ष्य भएका फार्म केन्द्रहरूले अनुसूची १५ अनुसारको शीर्षकहरूलाई आधार मानी तोकिएको लक्ष्य र विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी व्यवसायिक कीट विकास केन्द्र बाट स्वीकृत गराई खर्च गर्ने गराइनेछ ।

### ४.९ सुलसुले (Mites) व्यवस्थापन अभियान

मौरीको अनुपयुक्त मौसम र कमजोर गोला भएको अवस्थामा खास गरी मेलिफेरा जातको मौरीमा विभिन्न जातका सुलसुलेले दुःख दिने गर्दछन । यो समस्यावाट छुटकारा पाउन र मौरीलाई असर पार्ने यो परजिवी नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

सचिव

४.९.१ कार्यक्रम संचालन प्रकृयाः

क) जिल्लाका मौरीपालन पकेट क्षेत्र वा मौरी चरन पकेट क्षेत्रलाई समेट्ने गरी सुलसुले समस्या देखिएका क्षेत्र क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई सहभागी बनाउन पाएक पर्ने ठाउँमा मौरी उपचार शिविर संचालन गर्नु पर्दछ ।

ख) मौरी उपचार शिविर संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समयमै जानकारी दिनु पर्नेछ ।

ग) सुलसुले व्यवस्थापन शिविर अवधि १ दिनको हुनेछ ।

घ) सुलसुले व्यवस्थापन शिविरमा सहभागी हुने कृषकहरूले दैनिक भ्रमण भत्ता, होटेल बास खर्च, खाजा खर्च पाउने छैनन् । साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था हुने छैन ।

ङ) यो अभियान मौरी विज्ञ, विशेषज्ञ (बि क्लिनिक विशेषज्ञ) वा तालिम प्राप्त प्राविधिकको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ ।

च) जिल्लामा अन्य संघ/संस्था/निकायबाट यस प्रकारको मौरी अभियान संचालन गर्नुपर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित क्षेत्रको मौरीपालन कार्यालयसँगको समन्वयमा संचालन गर्नु पर्नेछ ।

४.९.२ आर्थिक पक्षः यो कार्यक्रमको लक्ष्य भएका फार्म केन्द्रहरूले अनुसूची १६ अनुसारको शीर्षकहरूलाई आधार मानी तोकिएको लक्ष्य र विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी व्यवसायिक कीट विकास केन्द्रबाट स्वीकृत गराई खर्च गर्ने गराइनेछ ।

## ४.१० मौरी चरन मैत्री बिरुवा उत्पादन तथा वितरण

मौरीपालनलाई आधुनिक र व्यवसायिक बनाउन मौरीपालन क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्थाहरूले मौरी गोला घार मौरी उपकरणहरू वितरण गरेता पनि मौरीको चरन बारे कही कतैबाट सोचेको पाईएन । यदि समयमै यसबारे नसोच्ने हो भने भविष्यका मौरीको विकास रोकिने छ र हाल कायम भएका मौरीहरूले पनि आवश्यक चरन प्राप्त नगरी उत्पादन दिन सक्ने छैनन् । यसै कुरालाई मध्यनजर गर्दै मौरी चरनको पनि विस्तार गर्दै लैजाने उद्देश्यका साथ यो कार्यक्रम संचालन गरिनेछ ।

४.१०.१ मौरी चरन मैत्री बिरुवा उत्पादन तथा वितरण कार्यविधि :

क) यो कार्यक्रम मौरी विकास केन्द्र/कार्यालयहरूले संचालन गर्ने छन् ।

ख) निश्चित संख्यामा लक्ष्य राखी सोही अनुसारको जमिन तयारी तथा चिउरीको बीउ संकलन गरिनेछ ।

ग) चिउरी लगायत मौरी चरन मैत्री बीउ संकलन गर्दा सकभर नेपालको विभिन्न क्षेत्रमा पाइने जातहरूको संकलन गरी सोही अनुसार छुट्टा छुट्टै नर्सरी राखी सोही अनुसार बिक्री वितरण गरिनेछ ।

घ) मौरी विकास केन्द्र/कार्यालयहरुमा चिउरी लगायत मौरी चरन मैत्री बिरुवा तयार भएपछि विभिन्न माध्यमबाट यसको प्रचार प्रसार गरी बिरुवाको माग संकलन गरिनेछ ।

ङ) सामुदायिक वन उपभोक्ता समूहहरूले सामुहिक रुपमा लगाउने गरी चिउरी लगायत मौरी चरन मैत्री बिरुवाको माग गरेमा पहिलो प्राथमिकता दिई बिरुवा उपलब्ध गराइनेछ ।

सचिव

च) साधारणतया: बिरुवा वितरण गर्दा प्रति बिरुवा कम्तिमा पनि रु.२ राजश्व लिई उपलव्ध गराइने छ । तर चेपाङ, राउटे जस्ता सिमान्त वर्गका कृषक समूहहरूले एक पटकमा एकै ठाउँमा १ हजार भन्दा बढी चिउरी लगायत मौरी चरन मैत्री बिरुवा लगाउन माग गरेमा निःशुल्क उपलब्ध गराइनेछ ।

छ) चिउरी लगायत मौरी चरन मैत्री बिरुवा वितरण गर्ने क्षेत्रमा कम्तिमा पनि १ दिने स्थलगत तालिम प्रदान गरिनेछ ।

**४.१०.२ मौरी चरन मैत्री बिरुवा उत्पादन कार्यक्रमको आर्थिक पक्ष :**

चिउरी लगायत मौरी चरन मैत्री बिरुवा बिरुवा उत्पादन तथा वितरण लक्ष्य भएका फार्म केन्द्रहरूले तपसिल अनुसारको शीर्षकलाई आधार मानी तोकिएको लक्ष्य र विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी व्यवसायिक कीट विकास केन्द्रबाट स्वीकृत गराई खर्च गर्ने गराइने छ ।

क) एक वर्षमा ५० हजार चिउरी लगायत मौरी चरन मैत्री बिरुवा उत्पादन गर्न (नर्सरीको लागि जग्गा तयारी देखि चिउरी लगायत मौरी चरन मैत्री बिरुवा बिक्री वितरण गर्ने समयसम्म) ६ महिने अवधिमा २०० जना ज्यामीको स्थानीय दररेट अनुसारको ज्याला फार्म केन्द्रहरू मार्फत भूक्तानी दिने ।

ख) ५० हजार चिउरी लगायत मौरी चरन मैत्री बिरुवा उत्पादनको लागि आवश्यक पर्ने कम्पोष्ट मल ३० मे.टन, डि.ए.पी. १८ किलोग्राम, युरिया ११ किलोग्राम, म्यूरेट अफ पोटास ९ किलोग्राम मलखादको स्थानीय दररेट अनुसार लाग्ने खर्चहरू बिरुवा उत्पादन कार्यक्रम बजेटमा समावेश गर्ने ।

ग) मल तथा चिउरी लगायत मौरी चरन मैत्री बीउ ढुवानी गर्दा लाग्ने स्थानीय दररेट अनुसारका खर्चहरू ।

घ) चिउरी लगायत मौरी चरन मैत्री बीउ संकलन गर्न जाने प्राविधिक कर्मचारीहरूको नियमानुसारको दै.भ. तथा दै.भ्र. भत्ता (तर बीउ तथा मल ढुवानी गर्न भाडामा सवारी साधन लिएको अवस्थामा दै.भ्र.भ. भूक्तानी हुने छैन ।

ङ) मौरी फार्म केन्द्रमा उत्पादित चिउरी लगायत मौरी चरन मैत्री बिरुवाहरू माग गरेको सम्बन्धित क्षेत्रसम्म ढुवानी गरी लैजादा लाग्ने सम्पूर्ण खर्चहरू सम्बन्धित कार्यालयहरूबाट भूक्तानी दिइने छ ।

च) चिउरी लगायत मौरी चरन मैत्री बिरुवा वितरणको क्रममा कम्तिमा पनि १ दिने स्थलगत तालिम संचालन गरी नियमानुसारको खर्च भएको रकम चिउरी लगायत मौरी चरन मैत्री बिरुवा वितरण कार्यक्रमबाट व्यहोरिने छ ।

**४.११ मौरी चरन क्षेत्रको सर्वेक्षणः**

नेपालका प्राकृतिक वन जंगलमा रहेका मौरीका चरन र त्यस क्षेत्रमा मौरीपालनको लागि लगाइने बालीहरूबाट वर्षमा के कति मौरी गोलाहरूलाई के कति समयसम्म राखेर मह उत्पादन गर्न सकिन्छ भन्ने आधिकारिक आकडा लिई कुन क्षेत्रमा के कति संख्यामा मौरीका घार गोला वितरण गर्न सकिन्छ भन्ने अनुमान गर्नको लागि यो कार्यक्रम संचालन गरिन्छ । मौरीसँग सम्बन्धित विभिन्न निकायहरूबाट आ-आफ्नै तरिकाबाट मौरीका घार गोलाहरू वितरण गर्नाले स्थानीयस्तरमा रहेका मौरीहरूको चरनका अभावले ह्रास हुदै गएको भन्ने गुनासो आउने गरेकोले चरनको सम्भाव्यताका आधारमा मौरी घार गोला वितरण गर्न र मौरी स्थानान्तरण गर्न सुझाव दिन सहज गराउने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याइएको हो ।

सचिव

४.११.१ मौरी चरन क्षेत्र सर्वेक्षण कार्यक्रमको संचालन:

क) यो कार्यक्रम व्यवसायिक कीट विकास केन्द्र वा मौरी विकास केन्द्र/कार्यालयहरूले संचालन गर्नेछन् ।

ख) यो कार्यक्रम तराइ र पहाड र उच्च पहाडको प्रतिनिधित्व हुने गरी प्रत्येक क्षेत्रबाट ३/३ जिल्लाको छनौट गर्न सम्बन्धित प्रदेशका प्रदेश कृषि निर्देशनालयहरूलाई अनुरोध गरी पठाइनेछ ।

ग) प्रदेश कृषि निर्देशनालयबाट छनौट भई आएका जिल्लाहरूमा मौरी क्षेत्रको सर्वेक्षण गर्ने टोली गएर सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, जिल्ला समन्वय समिति र डिभिजन वन कार्यालयहरू तथा वन उपभोक्ता समेतको सहयोग र समन्वयमा मौरी चरनको तथ्याङ्क अध्यावधिक गरी मौरी चरन क्षेत्र सर्वेक्षण प्रकाशन गरिनेछ ।

घ) मौरी चरन क्षेत्रको सर्भेक्षण टोलीमा निम्नानुसारको पदाधिकारीहरू सहभागी हुनेछन् ।

वरिष्ठ बाली संरक्षण अधिकृत (व्यवसायिक कीट विकास केन्द्र): संयोजक

वरिष्ठ बाली संरक्षण अधिकृत वा अधिकृत प्रतिनिधि (सम्बन्धित प्रदेश कृषि निर्देशनालय): सदस्य

बाली संरक्षण अधिकृत वा प्रतिनिधि (सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र): सदस्य

प्रतिनिधि (सम्बन्धित डिभिजन वन कार्यालय): सदस्य

योजना/तथ्याङ्क हेर्ने अधिकृत (व्यवसायिक कीट विकास केन्द्र): सदस्य–सचिव

सम्बन्धित सरोकारवालाहरु वा मौरी विकास केन्द्र/कार्यालयहरुका विज्ञहरु मध्ये बढिमा दुई जनालाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिने छ ।

४.१२ मौरीपालन कृषक पाठशाला संचालन

मौरीपालनबाट न्यून आय भएका पिछडिएका कृषकहरूले प्रशस्त लाभ लिन सक्ने सम्भावनालाई मध्यनजर गरी व्यवसायिक कीट विकास केन्द्र र मौरी विकास केन्द्र/कार्यालयहरुको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मौरीमा आई.पि.एम. कृषक पाठशाला संचालन गर्ने उद्देश्य राखिएको छ । मौरीपालनलाई आयआर्जनको माध्यम बनाउन उनीहरूमा प्रविधि, ज्ञान र सीपको अभाव रहेको पाइएकोले मौरीपालन क्षेत्रको पर्यावरणबारे राम्रो जानकारी गराई व्यवस्थापन पक्षमा सही निर्णय लिन सक्ने तुल्याउन कृषक पाठशाला एक सशक्त माध्यम सावित भएको छ । उनिहरूले मौरीपालन व्यवसाय संचालन तथा व्यवस्थापनमा सही निर्णय लिन सकेमा मह र महजन्य उत्पादनमा बृद्धि ल्याउन सक्ने भएकोले कार्यक्रम संचालन गर्न यो संचालन विधि तय गरिएको छ । नेपालमा Residue Monitoring Plan (RMP) को प्रयोगसँगै असल मौरीपालन अभ्यास लागु गर्ने क्रमसँगै मौरीपालन कृषक पाठशालाको अवधारणालाई प्रवेश गरायो । यसले समूहमा बस्ने समस्याको पहिचान गर्ने र समूह छलफलद्वारा उपयुक्त निकास खोजी समाधानको व्यवस्थापन गर्ने परीपाटीको विकास गऱ्यो । कृषक पाठशालाको माध्यमद्वारा नै किसानहरूको बीचमा नयाँ प्रविधिको सन्देश बाड्दै एक आपस बीच छलफलद्वारा नै निर्धारित लक्ष्य तय गर्ने परम्परा बस्यो । जसको फलस्वरूप मौरी कृषक पाठशाला भनेको २० देखि २५ जना महिला एवं पुरूष कृपकहरूको समूह हो, जसलाई कक्षाभित्र पठन पाठन गराउनुको साटो एपियरी मा नै लगि व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरू अपनाई मौरी घारको नियमित रूपले वातावरण प्रणालीको अवलोकन विश्लेषण र समूह छलफलको आधारमा आफु आँफैले ठोस

निर्णय लिएर तत्काल आएका समस्याहरूको समाधान गर्न सक्ने गरि कृषकहरुलाई दक्ष वनाइन्छ ।

### ४.१२.१ मौरीपालन कृषक पाठशालाका सिद्धान्तहरू

क) असल मौरीपालन अभ्यासको प्रयोग (Use of Good Beekeeping Practice): असल मौरीपालन अभ्यासको माध्यमबाट गुणस्तर मह तथा मौरी उत्पादन गरी आम्दानी बढाउनु ।

ख) मौरीहरूको सुरक्षा गर्नु (Conserve Honey Bees): आफ्नो Apiary मा मौरीहरूलाई नाश गर्ने समस्याहरुको पहिचान गरी सुरक्षा गर्न सक्न, घरेलु उपायहरूबाट कतिसम्म शत्रु-जीव भएता पनि उत्पादनमा ह्रास नआउने तथ्य पहिचान गर्न कृषक स्वयम सक्षम हुने ।

ग) मौरीका घारहरूको नियमित रूपले अवलोकन गर्नु (Obeserve Bee hive Regularly): सही व्यवस्थापनको लागि कृषकले आफ्नो मौरी घारहरूको नियमित रूपले अवलोकन गर्ने बानीको विकास गर्नु ।

घ) कृषकलाई नै दक्ष बनाउनु (Farmers become expert): मौरीघार वरपरको वातावरण प्रणालीको विश्लेषण गर्दा र आफुले नियमित रूपले अवलोकन गर्दा भेटिएका समस्याहरू छलफलद्वारा सही व्यवस्थापन गर्न लिइएका निर्णयहरूले कृषक स्वयमलाई दक्ष बनाउन सघाउ पुऱ्याउने।

### ४.१२.२ मौरीपालन कृषक पाठशाला संचालन प्रकृया

क) कृषक पाठशालामा २५ जना कृषक रहने गरी एक कृषक पाठशाला गठन गरिनेछ ।

ख) तयारी बैठकः कृषक पाठशाला संचालन गर्नु पूर्व ३ पटक तयारी बैठक संचालन गरिनेछ ।

प्रथम बैठकः सहभागी संख्या ४० जना, विषयवस्तु-कार्यक्रमको उद्देश्य बारे जानकारी र पाठशाला संचालन स्थान तथा मौरीपालन कृषक पाठशालाको संचालन प्रकृया, विधि तथा स्थानीय सहभागी, समाजसेवीहरू, राजनीतिक दल तथा स्थानीय संघ संस्थाको दायित्व, कर्तव्य एवं प्रतिवद्धता बारे छलफल ।

दोस्रो बैठकः मौरीपालनमा लैङ्गिक तथा समावेशी विश्लेषण, मौरीपालन पात्रो तयारी, कृषक पाठशालाको नामाकरण र उपसमूह गठन तथा नामाकरण ।

तेस्रो बैठकः कृषक पाठशालामा गरिने परीक्षणहरू र पाठ्यक्रमबारे छलफल ।

### ४.१२.३ परिक्षण संचालन

पाठशाला संचालन गर्दा अनुसूची ११ अनुसारका कृषक तरीका र असल मौरीपालन अभ्यासको तुलनात्मक अध्ययन, सुलसुले व्यवस्थापन, विषादीको असर र परागसेचनको अध्ययन जस्ता परीक्षणहरू संचालन गरिने छ ।

### ४.१२.४ आर्थिक पक्ष

एक चरन बालीमा मौरीपालन कृषक पाठशालाको आर्थिक पक्ष अनुसूची १० अनुसार हुनेछ ।

## ५. च्याउखेती

### ५.१ च्याउखेतीबाट गरिबी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रमः

क) भूमिहिन, गरिब तथा न्यून आय भएका कृषक समुदायहरू बसोबास गर्ने क्षेत्रहरूको छनौट गरिनेछ ।

ख) गरिबीको रेखामुनी रहेका र आफ्नो जमिनको उत्पादनले वर्षदिन खान नपुग्ने र पेरिअर्वन क्षेत्रमा रहेका समुदायहरूलाई लक्षित गरी यो कार्यक्रम संचालन गरिने छ ।

ग) कार्यक्रमसँग सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र जिल्ला समन्वय समिति समेतको सहयोग र सहकार्यमा गरिब विपन्न परिवारको बाहुल्यता भएको क्षेत्रमा आधुनिक च्याउखेतीको प्रचार प्रसार र विषालु च्याउको सेवनबाट हुन सक्ने जीउ धनको क्षति न्युनीकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

घ) प्रस्तवित कार्यक्रमहरू (अनुसूची २) प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बन्धित क्षेत्रमा गएर (अनुसूची ६) भौगोलिक तथा प्राविधिक पक्षहरूको स्थलगत निरीक्षण गरी प्राथमिकताक्रम निर्धारण गरिने छ । उपलब्ध भएका योजनाहरू मध्येबाट स्वीकृत कार्यक्रम-बजेटको परिधि भित्र रही प्राथमिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरी पेश गरिने छ । कार्यक्रम स्वीकृत भैसकेपछि सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र मार्फत अनुसूची ४ अनुसार सम्झौता गरी कार्यक्रम संचालन गरिने छ ।

ङ) समूहमा आवद्ध इच्छुक कृषकहरूलाई ३ देखि ७ दिने तालिम प्रदान गरिने छ ।

च) तालिम प्राप्त कृषकहरूले व्यवसायिक च्याउखेती गर्नु पर्नेछ ।

छ) सिताके च्याउका लागि आवश्यक पर्ने उत्तिस र अन्य उपयुक्त बोट बिरुवा लगाउन, संरक्षण र बैज्ञानिक उपयोगलाई प्रोत्साहित गरिने छ । यसको लागि वन कार्यालय र वन उपभोक्ता समितिहरूसँगको समन्वय र सहकार्यमा यस्ता बिरुवाको नर्सरी प्रवर्द्धन, वृक्षारोपण, सम्वर्द्धन र उपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

ज) गोब्रे र कन्ये च्याउ उत्पादनमा प्रयोग हुने परालको सरल, सहज, मितव्ययी र बर्षैभरी आपूर्ति हुने व्यवस्था मिलाउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत धानको विषयगत प्राविधिक कार्य समूह र धान सुपरजोन/जोनका संचालक समितिसँग समन्वय गरी पराल उत्पादक र च्याउ उत्पादक बिच पुर्व-उत्पादन अनुवंध (pre-production contract) गर्ने व्यवस्था मिलाइनेछ ।

५.२ आर्थिक पक्ष: व्यवसायिक च्याउखेतीबाट गरिबी न्यूनीकरण तथा खाद्य सुधार कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ :

क) तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको नियमानुसारको पारिश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालिम संचालन गर्न आवश्यक पर्ने सामाग्रीहरूको नियमानुसारको खर्चहरू ।

ख) व्यवसायिक रुपमा च्याउखेती गर्न आवश्यक पर्ने प्लाष्टिक, बाँस तथा अन्य सामाग्री र उक्त टनेल बनाउने मिस्त्रीको ज्याला समेतको खर्च टनेल निर्माण समेतमा ९० प्रतिशत अनुदान दिने ।

ग) च्याउको बीउ खरिद गरी ९० प्रतिशत मूल्य अनुदानमा वितरण गर्ने ।

घ) च्याउखेती गर्न आवश्यक पर्ने पराल, मलखाद तथा अन्य सामाग्रीहरूको मूल्यमा ९० प्रतिशत अनुदानमा वितरण गर्ने ।

ङ) पाँच हजार उत्तिस लगायत अन्य सिताके च्याउ उत्पादन गर्न मिल्ने बिरुवा उत्पादन गर्ने नर्सरी स्थापना गर्न आवश्यक खर्चमा प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिने ।

सचिव

च) कन्ये र गोब्रे च्याउखेती गर्ने कृषकहरूलाई टहरा निर्माण गर्न आवश्यक पर्ने सामाग्रीहरु (अनुसूची २१) मा स्थानीय दररेट अनुसार तथा अन्य उपकरणहरू समेतको कुल मूल्यमा एक पटकलाई बढिमा ९० प्रतिशत सम्म अनुदान दिने ।

छ) स्थानीयस्तरमा उपलब्ध हुन नसक्ने आवश्यक सामाग्रीहरू कार्यस्थलसम्म ढुवानी गरी लैजादा लाग्ने स्थानीय दररेट अनुसारको शत प्रतिशत ढुवानी अनुदान।

ज) च्याउखेती तथा च्याउ प्रशोधन कार्यमा प्याकिङमा प्रयोग हुने औजार उपकरणमा कुल मूल्यमा ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने ।

५.३ निजी क्षेत्रमा च्याउको कल्चर संरक्षण गर्ने ल्यावको स्थापना

नेपालमा च्याउखेतीको विकास र विस्तार द्रुत गतिमा भई रहेको अवस्थामा च्याउखेती गर्न आवश्यक पर्ने गुणस्तर बीउको अभावमा कृषकहरू मारमा परीरहेको र च्याउ बीउ उत्पादन गर्ने निजी व्यवसायीहरू प्रसस्त भएता पनि ती बीउ उत्पादक कृषकले पनि च्याउ बीउ उत्पादन गर्न आवश्यक पर्ने मदर कल्चर समयमा प्राप्त गर्न नसकेको कारण यनतेन पूरानै कल्चरको प्रयोग गर्ने गरेकोले सो समस्यालाई हल गर्न निजी स्तरमा च्याउको कल्चर संकलन र संरक्षण गरी च्याउ बीउ उत्पादन गर्ने व्यवसायीलाई उपलब्ध गराउने उद्देश्यका साथ यो कार्यक्रम संचालन गरिन्छ ।

५.३.१ अनुदान कार्यक्रमको संचालन प्रकृया:

क) यो कार्यक्रम व्यवसायिक कीट विकास केन्द्र मार्फत संचालन हुनेछ ।

ख) आ.व. को शुरूमा नै अनुसूची १ अनुसारको निश्चित मापदण्ड र क्षेत्र तोकी च्याउ कल्चर ल्याव स्थापना गर्न इच्छुक निजी उद्योगी व्यवसायीलाई सार्वजनिक खरिद ऐन २०६३ अनुसारको समयावधि तोकी आवेदनको आह्वान गरिनेछ ।

ग) प्राप्त भएका आवेदनहरूको छनौट तथा कार्यान्वयन गर्न अनुसूची ७ अनुसारको कार्य समितिबाट गरिनेछ ।

५.३.२ आर्थिक पक्ष:

अनुदान प्रवाह गर्दा कार्य प्रगतीको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बाँकी रकम व्यवसायिक कीट विकास केन्द्रका प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात भूक्तानी गरिनेछ ।

| क्र. सं. | कार्य विवरण | केन्द्रले व्यहोर्ने बढीमा (रु.) | कृषक/व्यवसायीले व्यहोर्ने |
|---|---|---|---|
| १. | निजी क्षेत्रमा च्याउ कल्चर संरक्षण गर्ने ल्याव स्थापना अनुदान | २१,००,०००।- | घटीमा ५० प्रतिशत |
| २. | अनुदान ग्राहीहरूले मूल्याङ्कन समिति र कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने प्राविधिकहरूको दै.भ. तथा दै.भ्र.भ. | ६०,०००।- | - |
| | जम्मा: | २१,६०,०००।- | घटीमा ५० प्रतिशत |

परिच्छेद ३

६. रेशमखेती

६.१ सरकारी सहकारी साझेदारीमा किम्बुखेती विस्तार:

यो कार्यक्रम नेपाल सरकारको आ.व. २०७३/०७४ को बजेट वक्तव्यमा परेको कार्यक्रममा आधारित छ । बजेट वक्तव्यमा परेका १५ जिल्लामा ५००० हेक्टर क्षेत्रमा किम्बु क्षेत्र विस्तार गर्ने लक्ष्य मध्ये आ.व. २०७३/०७४ मा ३ जिल्लामा ३५ हेक्टर क्षेत्रमा किम्बु क्षेत्र विस्तार शुरू गरी क्रमश: पछिल्ला वर्षहरुमा लक्ष्य पूरा गर्ने गरी यो कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

६.१.१ कार्यक्रम संचालन प्रकृया

क) यो कार्यक्रम व्यवसायिक कीट विकास केन्द्र तथा रेशम फार्म केन्द्रहरू मार्फत निजी उद्यमी वा सहकारीहरूसँगको सहकार्यमा संचालन गरिने छ ।

ख) स्वीकृत कार्यक्रमको आधारमा व्यवसायिक कीट विकास केन्द्रबाट ३० दिनको सूचना जारी गरिनेछ ।

ग) सूचनाको आधारमा उपयुक्त निजी उद्यमी र सहकारी छनौट गर्न अनुसूची ७ अनुसारको कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

घ) छनौट भएका निजी उद्यमी वा सहकारीलाई सम्झौता गरी सोही मापदण्ड अनुसार क्षेत्र विस्तार स्थापना गर्न नियमानुसारको रकम अनुदान दिईनेछ ।

ङ) अनुदान दिने निजी उद्यमी वा सहकारी छनौटका आधारहरू:

- किम्बु बगैंचा स्थापना गर्ने क्षेत्र भौगोलिक एवं प्राविधिक हिसाबले उपयुक्त हुनु पर्नेछ ।
- एकै क्षेत्रमा कम्तिमा पनि २ वटा क्लष्टर (१० हेक्टर) क्षेत्रमा किम्बुखेती गर्ने उद्यमी व्यवसायी वा सहकारीलाई पहिलो प्राथमिकता दिइनेछ ।
- रेशमखेतीमा १० वर्ष वा सो भन्दा बढी अनुभव भएका व्यवसायी वा उद्यमीलाई प्राथमिकता दिइनेछ ।
- रेशम कोया संकलन गरी धागो उत्पादन गर्ने पूर्वाधार भएका र कपडा उत्पादनमा सरिक उद्यमीहरूलाई प्राथमिकता दिइनेछ ।
- किम्बु क्षेत्र विस्तार गर्ने जमिन आफ्नो नाममा वा करारमा लिने भए कम्तिमा पनि २० वर्षको करार सम्झौता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

६.१.२ आर्थिक पक्षः यो कार्यक्रम संचालनको लागि आवश्यक पर्ने बजेट अनुसूची १७ अनुसार हुनेछ र सोही अनुसार खर्च गरिनेछ ।

६.२ कार्यक्रम संचालन प्रकृया:

क) भूमिहिन, न्यून आय भएका, वर्षको १ बाली मात्र लाग्ने पाखो जग्गा भएका कृषक समुदायहरू बसोवास गर्ने क्षेत्रहरूको छनौट गरिनेछ ।

ख) गरिबीको रेखामुनी रहेका र आफ्नो जमिनको उत्पादनले वर्षदिन खान नपुग्ने मध्य पहाडी र चुरेभावर क्षेत्रका समुदायहरूलाई लक्षित गरी यो कार्यक्रम संचालन गरिनेछ ।

ग) कार्यक्रमसँग सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र जिल्ला समन्वय समिति समेतको सहयोग र सहकार्यमा गरिब विपन्न परिवारको बाहुल्यता भएको सरकारी जमिन वा सामुदायिक वन संलग्न भएको, वर्षमा १ वा २ बाली मात्र लाग्ने, श्रम शक्ति खेर गइरहेको क्षेत्रको पहिचान गरी सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र रेशम फार्म केन्द्रहरुले बजेट

सचिव

तथा कार्यक्रम योजना तर्जुमा गरी योजना तर्जुमा गोष्ठीको समयमा व्यवसायिक कीट विकास केन्द्रमा पेश गर्नु पर्नेछ ।

घ) प्रस्तावित कार्यक्रमहरू प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्वन्धित क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरूको स्थलगत निरीक्षण गरी प्राथमिकताक्रम निर्धारण (अनुसूची ६अनुसार) गरिने छ । उपलब्ध भएका योजनाहरू मध्येवाट प्राप्त भएको बजेटको आधारमा प्राथमिकताको आधारमा कार्यक्रम लक्ष्य निर्धारण गरी पेश गरिने छ । कार्यक्रम स्वीकृत भैसकेपछि कृषि ज्ञान केन्द्र र रेशम फार्म केन्द्रहरू मार्फत कार्यक्रम संचालन गरिनेछ ।

ङ) समूहमा आवद्ध इच्छुक कृषकहरूलाई ३ दिने स्थलगत तालिम र समूहको १ जना अगुवालाई १५ देखि ३५ दिने सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गरिनेछ ।

च) तालिम प्राप्त कृषकहरूले तालिममा सिके अनुसार किम्बुखेती तथा रेशम किरापालन गर्नुपर्नेछ ।

छ) भूमीहिन कृषकहरूलाई रेशमखेती तर्फ आकर्षण गर्नको लागि वन कार्यालय र वन उपभोक्ता समितिहरूसँगको समन्वय र सहकार्यमा क्रमश: आउँदा आर्थिक वर्षहरुमा कार्यक्रम योजना तर्जुमा गरिनेछ ।

ज) कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था: सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र तथा रेशम फार्म केन्द्रहरूबाट प्राप्त भएका योजनाहरूको प्राथमिकताक्रम निर्धारण गर्नको लागि अनुसूची ७ अनुसारको कार्यक्रम कार्यान्वयन समितिको व्यवस्था गरिनेछ ।

६.३ आर्थिक पक्ष:

क) किम्बु विरुवाको मूल्यमा ९० प्रतिशत अनुदान दिइनेछ।

ख) किम्बु विरुवा ढुवानीमा शत प्रतिशत अनुदान दिइनेछ।

ग) एकै ठाउँमा १०० हेक्टर भन्दा बढी क्षेत्रमा किम्बु क्षेत्र विस्तार गरेमा दोस्रो वर्षमा साना किरापालन भवन निर्माण गर्न लागत अनुमान अनुसारको लाग्ने खर्च व्यवस्था हुनेछ ।

घ) एक पटकमा कम्तिमा पनि ४ बाकस (८०,०००) किरापालन गर्ने कृषकलाई रेशम किरापालन घर निर्माण गर्न रु.५० हजारसम्म अनुदान दिइनेछ।

ङ) तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको नियमानुसारको पारिश्रमिक तथा आते जाते भत्ता, खाजा, स्टेशनरी एवं तालिम संचालन गर्न आवश्यक पर्ने सामाग्रीहरूको लागि नियमानुसारको खर्चहरू संलग्न हुनेछन ।

च) किम्बु बगैंचा स्थापना गर्न आवश्यक मलखाद तथा अन्य सामाग्रीमा ९० प्रतिशत अनुदान दिइनेछ ।

छ) २५००० किम्बुको बिरुवा ढुवानी र निजी किम्बु नर्सरी स्थापना गर्न आवश्यक खर्चमा प्रति नर्सरी ५० हजारका दरले निजी नर्सरी धनीलाई अनुदान दिइनेछ ।

ज) रेशम किरापालनमा प्रयोग हुने विसंक्रमण सामाग्रीहरू नि:शुल्क वितरण गरिनेछ ।

६.४ रेशमखेती विस्तार कार्यक्रम:

क) मौजुदा किम्बु फार्म तथा कृषक संख्याको आँकडा एकीन गरी निष्क्रिय रहेका अनुत्पादक बगैंचाको पुर्नस्थापना गरी उत्पादनशील बनाइनेछ ।

ख) पूराना बगैंचामा मरेका किम्बु बोटको रित्त ठाउँमा किम्बु रोप्नको लागि कृषकलाई किम्बु विरुवा नि:शुल्क उपलब्ध गराइनेछ ।

ग) प्रति कृषक कम्तिमा पनि १२०० देखि १५०० किम्बु बोट हुने उत्पादनशील किम्बु बगैंचा तयार गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

घ) बहुस्थलीय, बहुजातीय, बहुमौसमी रेशम कीरा तथा किम्बुको परीक्षण विकास गरी सिफारिस गरिनेछ ।

ङ) अध्ययन अनुसन्धानबाट प्राप्त प्रविधिको स्थान विशेषमा परीक्षण गरेर मात्र कृषकमा सिफारिस गर्ने र अध्ययन र परीक्षणमा रेशमखेती कृषकहरूलाई नै संलग्न गराइने छ ।

च) सबै फार्म केन्द्रको कमाण्ड एरिया तोकी कोया उत्पादन र प्राविधिक सेवाको लक्ष्य पूरा गर्ने जिम्मा दिइने र जिल्लामा रेशम खेतीमा काम गर्न चाहने गैरसरकारी संस्था वा कृषक समूह वा सहकारी संस्थालाई Cluster Area प्रमुख र फार्मसँगको समन्वयमा मात्र रेशम विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

छ) प्रत्येक किम्बु कृषकलाई रेशम कार्ड वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

ज) रेशमखेतीको विकास र विस्तार गर्नको लागि निम्नानुसारको समूह र क्लस्टर विकास गरिनेछ :

- कार्यक्रम संचालनको लागि जिल्लाभित्र सम्भाव्यता तथा तुलनात्मक लाभको आधारमा निश्चित भौगोलिक क्षेत्र र सहभागी कृषकहरूको पहिचान गरी पकेट क्षेत्र यकिन गर्ने र प्रत्येक ५० कृषक घर परिवारको एउटा रेशमखेती क्लस्टर (Cluster) को विकास गर्ने ।
- व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्राविधिक सेवा टेवा उपलब्ध गराउने ।
- कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्रस्तरसम्म जिम्मेवार निकाय र व्यक्ति समेत तोक्ने ।
- रेशमखेती क्लस्टर विकास गर्दा निम्न लिखित आधारमा गर्ने:
  - एक रेशमखेती क्लस्टर ५० कृषक घर परिवार
  - न्यूनतम क्षेत्रफल प्रति कृषक घर परिवार २ रोपनी (०.१ हे.)
  - प्रति कृषक घर परिवार कोया उत्पादन ७०-८० किलोग्राम
  - प्रति रोपनी कोया उत्पादन ३५-४० किलोग्राम
  - प्रति रेशमखेती क्लस्टर कोया उत्पादन १,७५०-२,००० किलोग्राम

झ) प्रस्तावित कार्यक्रमहरू प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन समिति सहितको विषय विशेषज्ञको प्राविधिक टोली सम्बन्धित क्षेत्रमा गएर भौगोलिक तथा प्राविधिक पक्षहरूको स्थलगत निरीक्षण गरी प्राथमिकताक्रम निर्धारण गरिनेछ ।

६.५ आर्थिक पक्ष:

क) साना किसानलाई किम्बु बिरुवा, मल र औजार उपकरणहरू निःशुल्क तथा सहुलियत दरमा उपलब्ध गराइनेछ ।

ख) साना-साना कीरापालक समूहको बगैंचामा सिंचाई लगायत तारबारमा ५० प्रतिशत अनुदान दिइनेछ ।

ग) कोया उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न १०० किलोग्राम भन्दा बढी कोया उत्पादन गर्ने कृषकहरूलाई स्थानीय पदार्थमा आधारित आरोहण सामाग्रीको लागि एकमुष्ट रु.८,०००।- एक पटक उपलब्ध दिइनेछ ।

घ) दुई मे.टन कोया उत्पादन हुने क्षेत्रमा साना किरापालन केन्द्र Chowki Rearing Center (CRC) स्थापना गर्ने र CRC मा किम्बु बगैंचाको लागि तारबारको व्यवस्था गर्न ५० प्रतिशत अनुदान दिइनेछ ।

ङ) रेशम कृषकलाई छुट्टै किरापालन घर निर्माण गर्न लगाउने । प्रति वर्ष २० बाकस किरापालन गरी कम्तिमा पनि ४०० किलोग्राम कोया उत्पादन गर्ने पर्याप्त किम्बु बगैंचा भएका कृषकलाई छुट्टै नमुना किरापालन घर निर्माण गर्न लाग्ने खर्चको ५० प्रतिशत

सचिव

अनुदानको साथै किरापालन घरमा आवश्यक पर्ने औजार उपकरण र विसंक्रमण आरोहण सामाग्री खरिद गर्नको लागि समूहमा चक्रकोष शुरू गर्न रु.५० हजारसम्म अनुदानको रुपमा Seed Money दिइनेछ ।

च) अनुभवी दक्ष प्राविधिक तथा दक्ष कृषकबाट रेशम प्रविधि प्रसार गर्ने नीति अनुरूप प्रत्येक कीरापालक बीच एक रेशम सहजकर्ता राख्ने व्यवस्था मिलाइने छ । निजको तलब ५ वर्षसम्म १०० प्रतिशत सरकारले र त्यस पछिका वर्षबाट ७५ प्रतिशत सरकार र २५ प्रतिशत समूहले व्यहोर्ने र क्रमशः ५ वर्षपछि १०० प्रतिशत समूहले व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

छ) व्यवसायिक र प्रतिस्पर्धात्मक प्रणालीको विकास गर्न प्रति वर्ष ५०० किलोग्राम कोया उत्पादन गर्ने कृषकलाई प्रोत्साहन पुरस्कार र कदर पत्र प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

ज) रेशमखेती व्यवसायमा ऋण लगानी गर्दा रेशम कृषकबाट आय प्राप्त हुनसक्ने Gestation Period को आधारमा कर्जा भूक्तान हुने ऋणको व्याजलाई ग्रेस पिरीयड (२ वर्षसम्म) मा पूजीकरण नगर्ने व्यवस्था मिलाइनेछ ।

झ) रेशमखेतीमा लगानी भएको ऋण ग्रेस पिरीयड समाप्त भएको मितिले ५ वर्ष भित्र साँवा व्याज समेत तिरी सक्नुपर्ने व्यवस्था लागु गरिनेछ ।

ञ) प्रति सिजन कम्तिमा २ बाकस रेशम किरापालन गर्ने कृषकलाई मलखाद व्यवस्थापन तथा काटछाट गर्नको लागि प्रति किम्बु बोट रु.१ का दरले पूरानो बगैंचा व्यवस्थापन प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

**६.६ रेशमखेती विस्तारको लागि बजार व्यवस्थापन कार्यक्रमः**

क) रेशम कोया संकलन र रेशम धागो कात्ने कार्यमा संलग्न हुन सहकारी/निजी संस्थालाई प्राथमिकता दिइनेछ ।

ख) बजारको थप सुविधा र क्षमता विकास नभएसम्म हाल अवलम्बन गरिएको कोष अनुपातलाई नै कोया ग्रेडिङ गर्ने आधार मान्ने र भविष्यमा क्रमशः Dry Cocoon मात्र ग्रेडिङ गर्ने व्यवस्था मिलाइनेछ ।

ग) कोया खरिद विक्रीमा निजी क्षेत्र तथा सहकारी संस्था अगाडी आउन थालेपछि कोया ग्रेडिङ र मूल्य किटानी कोया बजार लागेकै दिन क्रेता र बिक्रेता दुबैको उपस्थितिमा गर्ने व्यवस्था मिलाइनेछ ।

घ) कोया खरिद बजार व्यवस्थाको लागि बोल कबोल प्रथाको विशेष बजारको विकास गर्न कोया बजारमा कोया बिक्री नभएसम्मका लागि आन्तरिक भण्डारण गर्न सक्ने सुविधा विकास गर्ने र बोलकबोल प्रथाद्वारा किनबेच हुने व्यवस्था क्रमशः विकास गर्दै लगिने ।

ङ) कोया बजारमा आउने समस्यालाई मध्यनजर गरी वर्षमा चार पटकसम्म कोया हाट बजार संचालन गरिनेछ ।

च) कृषिबाट उत्पादित रेशम कोया फार्म केन्द्रबाट नै खरिद गरिंदै आएकोमा आ.व. २०७०/०७१ बाट निजी क्षेत्रले खरिद गर्ने परीपाटीको विकास गरिएको छ । आ.व. २०७५/०७६ देखि चक्रकोपलाई रु.५० लाख पुऱ्याउन आवश्यक पर्ने बजेट विनियोजित गरी चक्र कोषको रुपमा बीउ पूँजि स्थापना गरिने छ । चक्र कोषको परीचालन गर्न निम्नानुसारका पदाधिकारी रहेको एक समिति गठन गरी सोही समितिको मातहतमा कोषको रकम रहने व्यवस्था रहने छ । निजी क्षेत्रले कोया खरिदको अवस्थामा चक्र कोषको परीचालन गरिने छैन भने निजी क्षेत्रले कोया खरिद नगरेको अवस्थामा कोया खरिद गर्न आवश्यक पर्ने बजेटको यकिन गरी रेशम फार्म केन्द्रले बजेट माग गर्नेछ र सो रकमबाट

कृषकहरूको रेशम कोया खरिद गर्नेछ । खरिद गरिएका रेशम कोयालाई सुकाई राम्रोसँग भण्डार गरी राखे र निजी क्षेत्रलाई बिक्री गरी चक्रकोषबाट लिएको रकम पुनः चक्रकोषमा जम्मा गराइने छ । यसरी प्रत्येक वर्ष कोया खरिदमा बजेट विनियोजन गर्नु पर्नेछैन । कृषकहरूको कोया खरिद तथा बजार व्यवस्थापनको पनि समस्या हुने छैन । चक्रकोषको संचालन समिति निम्नानुसार गठन हुनेछ :

| | |
|---|---|
| व्यवसायिक कीट विकास केन्द्रका प्रमुख: | संयोजक |
| कृषि विभाग, योजना शाखाका अधिकृत प्रतिनिधि : | सदस्य |
| व्यवसायिक कीट विकास केन्द्रका योजना फाँटका अधिकृत: | सदस्य सचिव |

६.७ आर्थिक पक्ष:

क) शुरूको पहिलो ५ वर्ष कोया खरिद गर्ने निजी र सहकारी संस्थालाई कोया संकलन र ढुवानीमा पूर्ण अनुदान दिइनेछ ।

ख) कोया खरिदको लागि आ.व.२०७०/०७१ मा सबै फार्म केन्द्रहरूमा विनियोजित रहेको बजेटलाई एकै ठाउँमा संकलन गरी चक्र कोष समितिको संयुक्त दस्तखतबाट परीचालन हुने गरी व्यवसायिक कीट विकास केन्द्रको नाममा रहेको कोया खरिद चक्रकोषको स्थापना गरिने छ । यस कोषबाट कोया खरिद गर्ने रेशम फार्म केन्द्रहरूले खरिद गरिएको मूल्य बराबर हुने गरी निजी क्षेत्रलाई बिक्री वितरण गरी चक्रकोषमा रकम दाखिला गर्नु पर्नेछ । चक्रकोषबाट रकम परीचालन गर्न माग गर्ने रेशम फार्म केन्द्रलाई पेश्कीको रुपमा समितिको सिफारिसमा उपलब्ध गराइने छ र उक्त रकमबाट कृषकहरूले कोया खरिद गरी सुकाउने र सुरक्षित भण्डार गर्ने र सोही आ.व.को सोही चौमासिक वा अर्को चौमासिकसम्म कोषबाट लिएको रकममा नघट्ने गरी निजी क्षेत्रलाई बिक्री गरेर चक्रकोष खातामा रकम दाखिला गरी पेश्की फर्छ्यौट गर्नु पर्नेछ । यसरी एक पटक स्थापना भएको चक्रकोषबाट वर्षेनी रेशम कोया खरिदमा बजेट विनियोजन गर्नु नपर्ने र कृषकहरूको बजार ग्यारेण्टी हुने हुँदा कृषकहरू रेशमखेती तर्फ आकर्षित हुनेछन् ।

ग) महिला वर्गको बढी भन्दा बढी सहभागीता र यस व्यवसायमा आकर्षण अभिवृद्धि गर्न गराउन Non-reelable Cocoon बाट कतुवा धागो निकाल्न ५० प्रतिशत अनुदानमा महिला समूहलाई चर्खा उपलब्ध गराउने व्यवस्था गर्ने । महिला समूहद्वारा जर्ति कोयाबाट रेशम धागो कताई गर्न चाहेमा ५० प्रतिशत मूल्य कम गरी बिक्री गर्ने व्यवस्था मिलाइनेछ ।

घ) रेशम सहकारी संस्था र निजी संस्थाको विकास र सुदृढीकरण गर्न एक सिजनमा २ मे.टन कोया उत्पादन गर्ने सहकारी संस्थालाई कोया सुकाउने उपकरण निर्माण र खरिदको लागतमा ५० प्रतिशत अनुदान दिने र बाँकी ५० प्रतिशतको लागि ब्याजमा पनि ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइनेछ ।

ङ) बिक्री केन्द्र संचालकको लागि कोया किनबेच गर्ने दुबै थरी बाट २ प्रतिशत शुल्क लिने व्यवस्था गर्ने र नपुग रकम सरकारको तर्फबाट अनुदान व्यवस्था मिलाइनेछ

च) कोया केलाई राम्रो नराम्रो कोया छुट्टा छुट्टै ल्याउने कृषकलाई कोयाको मूल्यमा १० प्रतिशत प्रिमियम मूल्य दिइनेछ ।

छ) रिलिङ, स्पिनिङ, ह्याण्डलुम, तान जस्ता मेसीनरी औजारहरूमा खरिदमा निजी संस्थालाई ५० प्रतिशत सम्म मूल्य अनुदान दिइनेछ ।

६.८ रेशममा आधारित उद्योग स्थापना तथा आयात प्रतिस्थापन कार्यक्रम:

क) नेपालमा हाल संचालित रेशम अन्य उद्योगको लागि आवश्यक पर्ने ३०० मे.ट. धागो विदेशबाट आयात हुँदै आएकोमा सो परिमाण नेपालमा नै उत्पादन गरी आयात प्रतिस्थापन गरिनेछ ।

ख) रेशम कीरा औषधि, श्रृङ्गार सामाग्री तयार गर्न प्रयोग हुने हुँदा यसको पनि निर्यात गर्ने तर्फ सोच राखुका साथै रेशम धागो र रेशमजन्य वस्तु निर्यात वृद्धि गर्न नेपालबाट निर्यात हुने वस्तुहरूको सूचीमा रेशमलाई प्राथमिकतामा पारी रेशम उत्पादनदेखि निर्यातसम्म आवश्यक पर्ने पूर्वाधार, प्रविधि ऐन/कानून र सुविधा प्रदान गर्ने व्यवस्थाको लागि रेशम निर्यात कार्य योजना तय गरी निर्यात वृद्धि गरिनेछ ।

ग) कोयाको मूल्य निर्धारणको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाका सह-सचिवको अध्यक्षतामा उच्चस्तरीय मूल्य निर्धारण समिति गठन गरिनेछ । समितिमा व्यवसायिक कीट विकास केन्द्रका योजना शाखाका वरिष्ठ बाली संरक्षण अधिकृत, रेशम विकास केन्द्र खोपासीका वरिष्ठ बाली संरक्षण अधिकृत, निजी क्षेत्रका उद्यमी र कृषक समेत बढीमा ५ जना सदस्य रहने व्यवस्था हुनेछ । समितिले विशेषत: कृषकस्तरमा लाग्ने औषत खेती खर्च (वर्तमान लागत मूल्य), वार्षिक रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल्य समिक्षा गरी मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउनेछ ।

घ) सरकारी फार्म केन्द्रबाट प्रशोधनकर्ताले कोया खरिद गर्न चाहेमा नाफा नलिई सोझै विक्री गर्ने व्यवस्था मिलाइनेछ ।

६.९ आर्थिक पक्ष:

क) कोया प्रशोधन र कोयोत्तर व्यवस्थापन तर्फ वार्षिक १० मे.टन भन्दा बढी कोया उत्पादन हुने क्षेत्रमा सहकारी क्षेत्रको संलग्नतामा आधुनिक रिलिङ मेसिन स्थापना गर्ने व्यवस्था मिलाइनेछ । गुणस्तरिय रेशम कोया प्रयोग गरी कच्चा रेशम धागो उत्पादन गर्न चाहेमा निजी उद्यमीलाई रिलिङ, ट्विस्टिङ र कपडा बुन्ने तान र आवश्यक उपकरणको पूर्ण सेट खरिद मूल्यमा ५० प्रतिशत अनुदान सहुलियत र भन्सार तथा मूल्य अभिवृद्धि करमा पनि छुट दिने व्यवस्था मिलाइनेछ ।

ख) नेपाली रेशम धागो बढी परीमाणमा प्रयोग गरी निर्यात बढावा गर्ने निजी व्यवसायी/सहकारी संस्थालाई प्रोत्साहित पुरस्कार र कदर पत्र प्रदान गरिनेछ ।

ग) अन्तर्राष्ट्रिय मूल्य उतार चढावको जानकारी नियमित रुपमा व्यवसायिक कीट विकास केन्द्रले कृषक र सम्बन्धितलाई जानकारी दिने व्यवस्था मिलाइनेछ ।

घ) सहकारी संस्थाहरूलाई रेशम विमा शुरू गर्न प्रोत्साहित गरी आवश्यक प्रकृया शुरू गरिनेछ ।

ङ) गुणस्तरिय रेशम धागो उत्पादन वृद्धि गर्न Project Proposal तयार गरी कार्यान्वयन गरिनेछ ।

च) कोया प्रशोधन र कोयोत्तर व्यवस्थापन तर्फ वार्षिक १० मे.टन भन्दा बढी कोया उत्पादन हुने क्षेत्रमा सहकारी/निजी क्षेत्रको संलग्नतामा सरकारी स्तरमा आधुनिक रिलिङ मेसिन स्थापना गर्ने व्यवस्था गर्ने रेशम कोया प्रयोग गरी उच्च रेशम धागो उत्पादन गर्न चाहने निजी उद्यमीलाई रिलिङ र ट्वीस्टीङ उपकरणको पूर्ण सेट खरिद मूल्यमा ५० प्रतिशत अनुदान सहुलियत र भन्सार तथा मूल्य अभिबृद्धि करमा पनि छुट दिने व्यवस्था मिलाइनेछ ।

छ) किम्बु तथा रेशम कीराबाट उत्पादन गरिने अन्य रेशमजन्य वस्तु उत्पादन गर्न आवश्यक पर्ने औजार उपकरणहरूको आयात गर्दा लाग्ने भन्सार छुटको व्यवस्था मिलाइनेछ ।

६.१० फार्म व्यवस्थापन कार्यक्रमः

यो कार्यक्रम रेशम फार्म केन्द्रहरूले फार्म केन्द्र मार्फत नै प्राविधिकहरू संलग्न गराई गरिनेछ । यस अन्तर्गत निम्न कार्यक्रमहरू संचालन हुनेछन :

क) पि३, पि२, पि१ तीन तहमा ३५ शुद्ध माउ जातका रेशम कीराको मातृस्रोत (जर्मप्लाज्म) संरक्षण, सम्वनर्धन र विकास गर्ने ।

ख) व्यवसायिक वर्णशंकर रेशम बीज उत्पादनका लागि शुद्ध माउ किरापालन गर्न समन्वय गर्ने ।

ग) रेशमखेती विकास फार्महरूलाई रेशम कीराको शुद्ध माउ जातका बीज कोया उत्पादनको लागि माग अनुसारको बीज उपलब्ध गराउने ।

घ) कृषकहरूको माग बमोजिम वर्णशंकर रेशम फुल उत्पादन र वितरण गर्ने ।

ङ) कृषकबाट उत्पादित कोया खरिद गर्ने वा सो कार्यमा बजार सेवा पुऱ्याउने।

च) किम्बुखेती तथा रेशम किरापालन सम्वन्धी तालिम संचालन गर्ने ।

छ) कृषकलाई स्थलगत प्राविधिक सेवा प्रदान गर्ने ।

ज) साना किरापालन र वितरणमा सहयोग गर्ने ।

झ) बहुस्थलीय प्रविधि विकास, परीक्षण, प्रमाणिकरण तथा संयोजन गर्ने ।

ञ) जागुरी र चर्खाबाट धागो उत्पादन गर्ने ।

६.११ आर्थिक पक्षः

क) एक वर्षमा ५० हजार किम्बु बिरुवा उत्पादन गर्न (नर्सरीको लागि जग्गा खरिद देखि किम्बु बिरुवा बिक्री वितरण गर्ने समयसम्म) ६ महिने अवधिमा २१५ जना ज्यामीको स्थानीय दररेट अनुसारको ज्याला फार्म केन्द्रहरू मार्फत भूक्तानी दिइनेछ ।

ख) ५० हजार बिरुवा उत्पादनको लागि आवश्यक पर्ने कम्पोष्ट मल ३० मे.टन, डि.ए.पी. १८ किलोग्राम, युरीया ११ किलोग्राम, म्यारिट अफ पोटास ९ किलोग्राम, मलखादको स्थानीय दररेट अनुसार लाग्ने खर्चहरू बिरुवा उत्पादन कार्यक्रम बजेटमा समावेश गरिनेछ ।

ग) फार्म भित्र खाली रहेको जग्गामा किम्बु बिरुवा रोपण गर्नको लागि प्रति हेक्टर ६०० जना ज्यामीको ज्याला, २० मे.टन कम्पोष्ट मल, १२ हजार किम्बु बिरुवा, १००:८०:६० किलोग्राम एन. पि. के. को दरले रासायनिक मल, कम्पोष्ट मल र बिरुवा ढुवानीको डोको नाम्लो १० सेट र १० वटा कुटो/कोदालो खरिद गर्न आवश्यक पर्ने स्थानीय दररेट अनुसारको ज्याला तथा मूल्य खर्चहरू यस अन्तर्गत समावेश गरिनेछ ।

घ) फार्ममा रहेका बगैंचाको व्यवस्थापन गर्ने कार्य अन्तर्गत किम्बु बगैंचा काटछाट गोडमेल मलखाद प्रयोग सिंचाई आदि कार्य गर्न आवश्यक पर्ने ७३० जना ज्यामी, २० मे.टन कम्पोष्ट मल १००:८०:६० किलोग्राम एन.पि.के.को दरले रासायनिक मल, १० सेट डोको नाम्लो, प्रति ५ वर्षमा १० वटा कुटो/कोदालो प्रति २ वर्षमा १० वटा सिकेचर तथा प्रुनिङ-स प्रति वर्ष २ पटक, कम्पोष्ट मल ढुवानी गर्न प्रति हेक्टरमा स्थानीय दररेट अनुसारको ज्यामी ज्याला र सामानको दररेट अनुसार खर्च गरिनेछ ।

ङ) प्रति ५०० किलोग्राम रेशम बीज उत्पादनको लागि कोया लोडिङ देखि फुल वितरण र कोठा सरसफाई गर्ने अवधिसम्मको लागि आवश्यक पर्ने ८११ जना ज्यामीको स्थानीय दररेट अनुसारको ज्यामी ज्याला, आवश्यक विभिन्न सामाग्रीहरू जस्तै ब्राउन पेपर सिट १.५ रिम, फोम प्याड १ सिट, भुटेको भुस १०० किलोग्राम, फर्मलिन वा अन्य विसंक्रमण केमिकल्स १५ लि., चुना २० किलोग्राम, ब्लिचिङ धुलो २.५ किलोग्राम, एप्रोन, चप्पल, मास्क ३ सेट, एम.सि.भि. स्टेवलाइजर १ थान, प्लाष्टिक बाल्टिन ४ थान, कोया काट्ने

चक्कु, रिफिल ब्लेड १२ थान, फुल राख्ने बाकस ५०० , कालो कपडा २ मीटर, सेतो मलमल कपडा २ मी., कालो पेपर ६ सिट, पावर जेनेरेटरलाई डिजल २०० लिटर आदिको लागि प्रचलित दररेट अनुसार खर्च गरिनेछ ।

च) २० किलोग्राम बीज कोया उत्पादनको लागि कोठा सरसफाई देखि बीज कोया उत्पादन गरी प्याकिङ गर्ने समय सम्मको लागि आवश्यक पर्ने २३ जना ज्यामीको स्थानीय दर अनुसारको ज्याला, डाली, थुन्से, वाटा, बाल्टिन चक्कु १/१ वटा, ब्राउन पेपर २० सिट, कालो सेतो कपडा २ मीटर, फोम प्याड १, चुना ५ किलोग्राम, फर्मालिन २.५ लिटर, बीजेता वा आर.के.ओ. २ किलोग्राम, ब्लिचिङ धुलो १ किलोग्राम, मट्टीतेल १० लि. को स्थानीय दररेट अनुसार अनुसार खर्च गरिनेछ ।

छ) प्रति १० बाकस चौकी किरापालन र वितरण गर्न किरापालन घरको सरसफाई देखि साना किरापालन गर्ने अवधिसम्मको लागि आवश्यक पर्ने २७ जना ज्यामीको स्थानीय दर अनुसारको ज्यामी ज्याला, फर्मालिन वा अन्य विंसक्रमण केमिकल्स ८ लि., ब्लिचिङ पाउडर २ किलोग्राम, आर. के.ओ. वा अन्य ६ किलोग्राम, चुना ३० किलोग्राम, प्याराफिन पेपर ४० सिट, ब्राउन पेपर ४० सिट, डिटर्जेन्ट पाउडर २ किलोग्राम, फोम स्ट्रिप १ सेट, कार्टुन वा प्याक १५ थान, एक वर्ष अर्थात ४ पटकसम्म प्रयोग गर्न मिल्ने गरी प्लाष्टिक वाटा बाल्टिन ६ थान, सिकेचर १ थान, कालो सेतो कपडा २० मीटर, चप्पल २ जोर, चपिङ नाइफ २ थान र इन्धन ५ लि. को लागि प्रचलित दररेट अनुसार खर्च गरिनेछ ।

ज) प्रति बाकस ठूला किरापालन गर्ने कृषकहरूलाई फर्मालिन वा अन्य केमीकल्स २.५ लि., ब्लिचिङ पाउडर २ किलोग्राम, आर.के.ओ. वा बिजेता २ किलोग्राम र चुना २ किलोग्रामका दरले शत प्रतिशत अनुदानको रुपमा प्रदान गरिनेछ ।

झ) ३५ जातको रेशम कीराको मातृस्रोत संरक्षण तथा विकास गर्नको लागि आवश्यक पर्ने १८२५ जना ज्यामीको ज्याला, डाली थुन्से प्लाष्टिक वाटा २०/२० गोटा, पात काट्ने चक्कु ६ वटा, टिस्युपेपर २० प्याकेट, ब्राउन पेपर ४ रीम, प्याराफिन पेपर २ रीम, कालो सेतो कपडा ८० मी., फोम प्याड २० वटा, कालो कागज २०० सिट, चुन ३०० किलोग्राम, फर्मालिन वा अन्य केमिकल्स २०० लि., बीजेता वा आर.के.ओ. १५० किलोग्राम, ब्लिचिङ पाउडर १०० किलोग्राम, सामाग्री उपकरण सफा गरर्ने पाउडर साबुन ४० किलोग्राम, एप्रोन लगायत कपडा धुने डिटर्जेन्ट साबुन ४० किलोग्राम, मट्टीतेल ४३० लि., डिजेल पावर जेनेरेटर १६५० लि., पेट्रोल पावर स्प्रेयर ६ लि., मोबिल २० लि., हाइड्रोक्लोरिक एसिड १ लि., पोटासियम हाइड्रोअक्साइड १ किलोग्राम, मिथाइल १ लि. आदिको लागि प्रचलित दररेट अनुसार खर्च गरिनेछ ।

ञ) नेपालमा हालसम्म कृषकहरूले पाल्दै आएका रेशमका जातहरूमा विभिन्न रोगहरू लाग्न गई उत्पादन कम भएको देखिएकोले नयाँ जातको विकास र विस्तार गर्न आवश्यक पर्ने नयाँ जातका रेशम कीराका फुलहरू नमुना परीक्षणको लागि भारतबाट आयात गर्न आवश्यक पर्ने बजेट विनियोजन गरी भारतको केन्द्रीय रेशम बोर्डले निर्धारण गरेको दररेट र बजेट भूक्तानी प्रकृया अनुसार खरिद गर्दा लाग्ने खर्चहरू केन्द्रीयस्तरमा विनियोजन गरी भारतबाट उपलब्ध भएका रेशम कीराका फुलहरू विभिन्न रेशम फार्म केन्द्रमा पठाइनेछ । भारतबाट नेपालसम्म आयात गर्दा र सम्वन्धित फार्म केन्द्रहरूमा ढुवानी गरी लैजानको लागि आवश्यक पर्ने ढुवानी कर तथा प्राविधिकहरूको दैनिक भत्ता तथा यातायात खर्च समेत सरकारी निकायबाट व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

सचिव

परिच्छेद ४

७. मह तथा मौरी जन्य उप उत्पादन प्रवर्द्धन कार्यक्रम

७.१ मौरी जन्य उप उत्पादन तथा संकलन केन्द्र स्थापना अनुदान

नेपालमा उत्पादित महको विदेश निर्यात गर्न विभिन्न परामीटरहरूको प्रकृया पूरा गर्न कठिनाई भैरहेको अवस्थामा महको साथ साथै उत्पादन हुने मौरीजन्य उप उत्पादन (राजश्री खुराक, कुट र प्रपोलिस) समेतको उत्पादन गर्ने र विदेश निकासी गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ।

७.१.१ कार्यक्रम संचालन प्रकृया:

क) यो कार्यक्रम व्यवसायिक कीट विकास केन्द्र मार्फत संचालन हुनेछ र सो को सूचना सम्बन्धित सरोकारवालाहरुलाई पठाईनेछ ।

ख) स्वीकृत कार्यक्रम अनुसार जिल्ला तोकिएको भएमा जिल्ला र जिल्ला नतोकिएको भएमा सम्भावित जिल्लाहरूलाई लक्षित गरी १५ दिनको सूचना प्रवाह गरिनेछ ।

ग) निर्धारित समयावधि भित्र प्राप्त भएका निवेदनहरू छनौट गर्नको लागि अनुसूची ७ अनुसारको छनौट तथा कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

७.१.२ छनौटका आधारहरू:

क) कम्तिमा पनि १०० आधुनिक मौरी गोला घार भएको ।

ख) सम्बन्धित जिल्ला वा क्षेत्रमा आफ्नो व्यवसाय दर्ता भएको ।

ग) कम्तिमा पनि ३ वर्ष मौरीपालन र मौरीजन्य उप उत्पादनमा अनुभव भएको ।

७.१.३ आर्थिक पक्ष:

स्रोत केन्द्र स्थापना गर्दा लाग्ने खर्चको ५० प्रतिशत वा बढीमा रु.२० लाख सम्मको रकम दुई किस्तामा उपलब्ध गराइने छ ।

७.२ मह मेला संचालन

महको आन्तरिक खपत बढाउने र नेपालको महको प्रचार प्रसार गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको छ ।

७.२.१ मह मेला कार्यक्रम संचालन प्रकृया:

क) यो कार्यक्रम मौरीपालन र बजारीकरणसँग सरोकार राख्ने सरकारी, गैरसरकारी र निजी उद्यमीहरूसँगको सहकार्यमा प्रत्येक आर्थिक बर्षको दोस्रो चौमासिक भित्र व्यवसायिक कीट विकास केन्द्र मार्फत संचालन गरिने छ ।

ख) आवश्यक बजेट जुटाउन सक्ने मह व्यवसायी वा संघ संगठनसँग सहकार्यको लागि ३५ दिने सूचना जारी गरिने छ ।

ग) आवेदन दिने मध्येबाट अनुसूची ७ अनुसारको कार्य समितिले सहकार्य गर्न इच्छुक कम्तिमा पनि लागत मूल्यको ५० प्रतिशत रकम सहयोग गर्न सक्ने १ वा एक भन्दा बढी संघ/संस्था उद्यमीको छनौट गरी कार्यक्रम संचालन गरिने छ ।

७.२.२ आर्थिक पक्ष:

बजेट तथा कार्यक्रमको आधारमा निम्न बुदाहरू समेट्ने गरी लागत अनुमान तयार गरी कार्यक्रम संचालन गरिने छ :

क) स्टल भाडा वापतको खर्च,

ख) स्टलमा सहभागीहरूको यातायात खर्च बापतको खर्च,

ग) मह परिकार तथा महको गुणस्तर पहिचान हुने गरी अतिथिहरूलाई मह उपहार,

घ) अन्तरक्रिया गोष्ठीमा उच्च पदस्थ व्यक्तित्वहरूको सहभागिता,

ङ) सूचना प्रवाहको लागि लाग्ने खर्च,

च) आधिकारिक मिडिया नियुक्ति र सो खर्च व्यवस्थापन, र

छ) उदघाटन तथा समापन समारोह, मञ्च डेकोरेशन समेत ।

## परिच्छेद ५

८. विविध

८.१ कार्यक्रम अनुगमन मूल्याङ्कन

८.१.१ कार्यक्रम अनुगमन व्यवस्था:

क) संचालित कार्यक्रमहरूको केन्द्रीयस्तरबाट नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, सम्वन्धित केन्द्रबाट हुनेछ र कार्यक्रमसँग सम्वन्धित सरोकारवालाहरुको केन्द्रीय र प्रदेशस्तरका प्रतिनिधीहरुलाई पनि अनुगमनमा सहभागी गराउने व्यवस्था गरिनेछ ।

ख) सञ्चालित कार्यक्रमहरूको जिल्लास्तरमा नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्वन्धित जिल्लाका कृषि ज्ञान केन्द्रबाट हुनेछ र कार्यक्रमसँग सम्वन्धित सरोकारवालाहरुको केन्द्रीय र जिल्लास्तरका प्रतिनिधीहरु लाई पनि अनुगमनमा सहभागी गराउने व्यवस्था हुनेछ ।

८.१.२ कार्वाहीको व्यवस्था:

प्रस्ताव स्वीकृत भएका कृषक तथा फर्म/उद्योगहरूले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरूपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम कार्वाही गरिनेछ ।

८.२ प्रचलित कानून लागु हुने:

यो कार्यक्रम कार्यान्वयनको सम्वनधमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएका कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

८.३ कार्यविधि संशोधन तथा परिमार्जन:

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

८.४ खारेजी तथा बचाउ:

यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम बाहेकका अन्य कार्यक्रमहरूको संचालन नेपाल सरकार (सचिवस्तर) को मिति २०७३/०९/०१ मा स्वीकृत प्रथम संशोधन "कृषि विभाग अन्तर्गत सञ्चालित मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० (प्रथम संशोधन २०७३)" दोस्रो संशोधन "कृषि विभाग अन्तर्गत सञ्चालित मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० (दोस्रो संशोधन २०७५)" अनुसार नै गर्ने गराउने गरी बचाउ गरिएकोछ ।

अनुसूची–१

**मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० (दोस्रो संशोधन २०७५) अनुसार प्रस्ताव आह्वानको सूचनाको ढाँचा**

सूचना । सूचना ।। सूचना ।।।

यस कार्यलयको आ.व. २०..../........ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मौरीपालन/रेशमखेती/च्याउ विकास सम्वन्धि कार्यक्रमको माध्यमबाट कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ..... दिनभित्र सम्वन्धित कृषि ज्ञान केन्द्रमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१) अनुसूची २ अनुसारको आवेदन फाराम ।

२) अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३) नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी ।

४) अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपीहरू ।

अनुसूची–२

**मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० (दोस्रो संशोधन २०७५) अनुसार अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन–पत्र**

श्रीमान्

........................................ ।

विषयः कृषि अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ... ... ... ... ... कार्य गर्न तीव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१) अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।

२) नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी ।

३) फर्म/समूह/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक ।

४) अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरू ।

५) वैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपी ।

६) समूह/समिति/सहकारीका सदस्यहरूको परीयोजना प्रस्ताव पेश गर्न र परीयोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

अनुसूची-३

मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० (दोस्रो संशोधन २०७५) अनुसार अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा युवतीको नाम थर :

ठेगाना : ............................ गाउँ/टोल : ............................ वडा नं. : ............................

गा.वि.स. : ............................ जिल्ला : ............................

संचालन गर्न खोजेका.................... सम्बन्धी व्यवसाय र स्थान :

सहयोग स्वरूप माग गरेको अनुदान रकम+लगानी :

आफ्नो लगानी :

आफ्नो पारिवरिक श्रम :

व्यवसायबाट उत्पादन हुने वस्तु :

उत्पादित कृषि वस्तुको परिमाण :

बजारयाग्य परिमाण :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नं.

ठेगना : गाउँ/टोल वडा नं. गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. जिल्ला

व्यवसाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण :

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि ........... निरन्तर गरी रहेको ? वर्ष ....... महिना ..........

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) बाहिरबाट ग) दुवै

उद्यमी युवा युवतीको तर्फबाट प्रस्ताव पेश गर्नेको:

दस्तखत :

नामः

पद :

मिति : संस्थाको छाप :(संस्थाको हकमा)

अनुसूची–४

**मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० (दोस्रो संशोधन २०७५) अनुसार कार्यक्रम संचालनको लागि गरिने सम्झौता–पत्र**

कृषि विभाग, व्यवसायिक कीट विकास केन्द्र द्वारा ................................................ मार्फत संचालन गरिने चालु आ.व. .................. को स्वीकृत .................................. कार्यक्रम संचालन गर्न ....................... कार्यालय, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएको कृषक उद्यामी श्री/सुश्री/श्रीमती ...................................... (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरूमा गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ ।

१) पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा कार्यविधि अनुसार सामाग्री अनुदान स्वरूप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२) दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफुले आवेदन गरे अनुसारको ................................................ व्यवसाय संचालन गर्नेछ ।

३) पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्ने छन् ।

४) यस सम्झौता उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयं आफै हुनेछ ।

५) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| कार्यालयको तर्फबाट सहि गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फबाट सहि गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठाको छापः |
| | संस्थाको छापः |
| | दा. बा. |
| सम्पर्क नं.: | सम्पर्क नं. |

अनुसूची–५

मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७०, (दोस्रो संशोधन २०७५) अनुसार प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. सञ्चालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.:

४. प्रगति प्रतिवेदन अवधि : चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | इकाई | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरू | समाधानको लागि सुझावहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य :

१. .................................... २. .................................... ३. ....................................

युवा उद्यमीको

नाम :

दस्तखत :

ठेगाना :

मिति :

अनुसूची–६

मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० (दोस्रो संशोधन २०७५) अनुसार प्रस्ताव मूल्याङ्कन फाराम

| क्र.सं. | द. नं. | आवेदक को नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्त (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरूको नाम, थर, पद दस्तखत र मिति :

१)

२)

३)

४)

५)

## अनुसूची–७

व्यवसायिक कीट विकास कार्यक्रम (ब.उ.शि.नं. ३१२११३) रेशमखेती विकास कार्यक्रम (ब.उ.शि.नं. ३१२१०६) र नेपाल व्यापार एकीकृत रणनीति (ब.उ.शि.नं. ३१२१६२) अन्तर्गतका कार्यक्रम संचालन कार्यान्वयन समितिको गठन निम्नानुसार हुनेछ :

प्रमुख, व्यवसायिक कीट विकास केन्द्र    संयोजक
अधिकृत प्रतिनिधी कृषि विभाग योजना शाखा    सदस्य
ब.बा.सं.अ., व्यवशायिक कीट विकास केन्द्र    सदस्य
प्रमुख, सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र    सदस्य
कार्य प्रकृति अनुसारका विषय विशेषज्ञ संस्थाका प्रतिनिधी    सदस्य

- प्रतिनिधि कृषि तथा पशुपंक्षी विकास मन्त्रालय नेपाल व्यापार एकीकृत रणनीति
- नेपाल कृषि अनुसन्धान परीषद्
- प्रदेश कृषि निर्देशनालयका बाली संरक्षण अधिकृत वा प्रतिनिधि
- डिभिजन वन कार्यालय
- वनस्पती विभाग
- पर्यटन बोर्ड

व्यवसायिक कीट विकास केन्द्रका बाली संरक्षण अधिकृत (योजना फाँट)    सदस्य सचिव

## अनुसूची–८

सामुदायिक वन उपभोक्ता समितिहरू मार्फत कार्यक्रम संचालन गर्दा प्रति जिल्ला वा समूहको लागि उपलब्ध गराइने अनुदानको विवरण

| क्र.सं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | केन्द्रले व्यहोर्ने रु. | कृषकबाट उपभोक्ताबाट व्यहोर्ने रु. |
|---|---|---|---|---|---|---|---|
| १. | गोला सहितको घार | संख्या | २०० | १०,००० | २०,००,००० | १८,००,००० | २,००,००० |
| २. | आधार चाका | किलोग्राम | १०० | १,००० | १,००,००० | ९०,००० | १०,००० |
| ३. | घार स्टेण्ड | पटक | २०० | ५०० | १,००,००० | ९०,००० | १०,००० |
| ४. | मौरी उपकरण वितरण | सेट | २० | १,१०० | २२,००० | २०,००० | २,००० |
| ५. | सरोकारवालासँग गोष्ठी | पटक | १ | १,००,००० | १,००,००० | १,००,००० | |
| ६. | चिउरी तथा अन्य फूल फुल्ने बिरुवाको नर्सरी स्थापना | संख्या | १ | ५०,००० | ५०,००० | ५०,००० | |
| ७. | मौरीपालन तालिम१ हप्ते | पटक | १ | ३,००,००० | ३,००,००० | ३,००,००० | |
| ८. | प्राविधिक सेवा प्रदान | पटक | ६ | २०,००० | १,२०,००० | १,२०,००० | |
| | कुल जम्मा: | | | | २७,९२,००० | २५,७०,००० | २,२२,००० |

## अनुसूची-९

### मौरी कृषक पाठशालाको कृषि पर्यावरण विश्लेषण नं.

मौरी कृषक पाठशालाको नामः

उप-समूहको नाम :

घार गोला राखेको मिति :

मौरीको जात :

रानीको उमेर :

अवलोकन मिति :

परिक्षण राखेको मिति :

गोलाको अवस्था :

मौसमको अवस्था :

............... तरिका :

| नमुना फ्रेम नं. | मह भण्डारण स्थिति | कुट भण्डारण स्थिति | फुल संख्या | लार्भा संख्या | प्युपा संख्या | वयस्क संख्या | भाले संख्या | शत्रुजीव | | | परजिवीहरू | | | रोग | | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | चाकाको क्षेत्रफल लम्बाई चौडाई से.मी. |
| १. | | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| औषत | | | | | | | | | | | | | | | | | |

१. अन्य अवलोकन

क) मरेका प्युपा लार्भा र भर्खर जन्मेका मौरीहरू प्रवेशद्वार वरिपरी यत्रतत्र अव्यवस्थित रुपमा छरिएका

ख) प्रवेशद्वार वरिपरी मौरीले विष्ट्याएका र कालो धब्बाहरू भएका ?

ग) प्रवेशद्वार वरिपरी सुँड निकाली मरेका मौरीहरू रहेका ?

घ) उड्न नसकी घस्रेर हिंड्ने मौरीहरू रहेका ?

ङ) आपसमा लडाँई गरीरहने ?

च) प्राकृतिक आहारा पर्यासता कस्तो ? कुन कुन ?

छ) कृत्रिम आहाराको प्रयोग कुन कुन मितिमा के कति परिमाणमा के कति प्रयोग गरिएको हो उल्लेख गर्ने ।

२. विश्लेषण (यस्तो के कारणले भएको होला/हुनसक्छ)

क) ख) ग)

घ) ङ)

३. सिफारिस (कसरी समाधान)

क) ख) ग)

घ) ङ)

नोटः मह भण्डारण स्थिति, कट भण्डारण स्थिति र गोलाको समष्टीगत स्थितिलाई मूल्याङ्कन गर्दा–
१. उत्तम, २. मध्यम, ३. कमजोर लेखी गर्ने ।

सचिव

अनुसूची-१०

एक चरन बालीमा मौरीपालन कृषक पाठशालाको आर्थिक पक्ष निम्नानुसार हुनेछ :

कृषक समूह अन्तरकृया गोष्ठी (२ पटक)

गोष्ठीमा छलफल हुने विषयहरू : कृषक पाठशालाको महत्व, मौरी चरन पात्रो र आधारभुत तथ्याङ्क संकलन, समूहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारीको लागि वर्प रकम (२ दिन)

| क.सं. | कृयाकलापहरू | रकम रु. |
|---|---|---|
| क. | पहिलोपटक अन्तरक्रिया गोष्ठी गर्न ४० जना कृषक सहभागीहरूलाई खाजाखर्च रु.५० का दरले दरले | २००० |
| ख. | दोस्रो पटक अन्तरक्रिया गोष्ठी गर्न ३० जना कृषक सहभागीहरूलाई खाजाखर्च रु.५० का दरले | १५०० |
| ग. | भिन्दा भिन्दै मितिमा २ पटकसम्म उल्लेखित विषयमा गोष्ठी संचालन गर्दा चाहिने रजिष्ट्रर, कपी, स्केल, डटपेन, सिसाकलम, मार्करपेन, चार्ट पेपर ७० जनाको लागि | ३५०० |
| घ. | गोष्ठी संचालन गर्न दैनिक भत्ता (भ्रमण खर्च नियमावलीमा व्यवस्था भए अनुसार) प्रति व्यक्ति प्रति दिन रु.४०० का दरले २ जना सहजकर्ता/स्रोत व्यक्तिलाई २ दिनको जम्मा (२x२xरु.४००) | १६०० |
| ङ. | स्रोत व्यक्तिको यातायात खर्च २ पटकको लागि दिनको रु.१०० का दरले २ जनालाई | ४०० |
| | जम्मा: | ९००० |

Seasonal Planning गोष्ठी गर्न BFFS संचालन खर्च विवरण (१ दिनको लागि)

| क.सं. | कृयाकलापहरू | रकम रु. |
|---|---|---|
| क. | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ता) को लागि रु.५० का दरले | १३५० |
| ख. | गोष्ठी संचालन गर्न दैनिक भत्ता (भ्रमण खर्च नियमावलीमा व्यवस्था भए अनुसार) प्रति व्यक्ति प्रति दिन रु.४०० का दरले २ जना आई.पि.एम. सहजकर्तालाई १ दिनको जम्मा | ८०० |
| ग. | स्रोत व्यक्तिको यातायात खर्च १ दिनको लागि रु.१०० का दरले २ जनालाई | २०० |
| | जम्मा | २३५० |

नोटः Seasonal Planning गोष्ठी गर्न आवश्यक पर्ने स्टेशनरीहरू अन्तरक्रिया गोष्ठीको रकम बाट नै गर्ने ।

स्थलगत कृषक पाठशाला संचालन गर्न BFFS संचालन खर्च विवरण (१६ दिनसम्मका लागि प्रति हप्ता २ दिनका दरले)

| क.सं. | कृयाकलापहरू | रकम रु. |
|---|---|---|
| क. | २५ जना कृषक र २ जना सहजकर्ताको लागि रु.५० का दरले २७ जनाको लागि खाजाखर्च | २१,६०० |
| ख. | मौरीघार, मौरी गोला बोर्ड तथा अन्य सामाग्रीहरू प्लाष्टिक मौरी उपकरणहरू, साइन बोर्डहरू, मौरीमा प्रयोग गरिने जैविक विषादी, हर्मोनहरू, पेग, प्लाईउड बोर्ड, रंङ्गिन कलम, ब्राउन पेपर, जाली कपडा, मार्कर पेन, कैंची, धागो, फोटोकपी पेपर, मास्किङ टेप, भाइल, गम, आदिलाई बढीमा | ३६८०० |
| ग. | आइ.पि.एम. सहजकर्ता दै.भत्ताः (भ्रमण खर्च नियमावली अनुसार) २ जनालाई प्रति पटक प्रति व्यक्ति रु.४०० | १२८०० |
| घ. | स्रोत व्यक्तिको यातायात खर्च हप्ताको उक दिनको लागि दिनको रु.१०० का दरले २ जनालाई | ३२०० |
| | जम्मा | ७७४०० |

कृषक दिवस मनाउने तथा अन्तिम प्राविधिक प्रतिवेदन तयारी खर्च विवरण (१ दिनको लागि)

| क.सं. | कृयाकलापहरू | रकम रु. |
|---|---|---|
| क. | आमन्त्रित जन प्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा १०० जनालाई रु.५० का दरले खाजा खर्च | ५००० |
| ख. | व्यवस्थापन खर्चः स्टेज निर्माण, साउण्ड सर्भिस, कुर्चि, टेवल, ग्राफ/चार्ट पेपर, सांस्कृतिक कार्यक्रम, ध्वजापताका, निमन्त्रणा कार्ड, फोटो आदि | २००० |
| ग. | प्रथम, द्वितीय र तृतीय हुने कृषक समूहलाई पुरस्कार (प्रथम रु.१०००, द्वितीय रु.७५० र तृतीय रु.५००) | २२५० |
| घ. | स्रोत व्यक्तिको यातायात खर्च १ दिनको लागि रु.१०० का दरले २ जनालाई | २०० |
| ङ. | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन दुई प्रति तयार गर्न | १००० |
| च. | सहजकर्ता/स्रोतव्यक्तिलाई दैनिक भत्ताः (भ्रमण खर्च नियमावली अनुसार) २ जनालाई रु.४००।- का दरले | ८०० |
| | जम्मा | ११२५० |

सहजकर्ताबाट संचालन हुने मौरीपालन कृषक पाठशालाको एकमुष्ठ खर्च

| क.सं. | कृयाकलापहरू | रकम रु. |
|---|---|---|
| क. | कृषक समूह अन्तरगत गोष्ठी | ९००० |
| ख. | Seasonal Planning गोष्ठी गर्न BFFS संचालन | २३५० |
| ग. | स्थलगत कृषक पाठशाला संचालन गर्न BFFS संचालन | ७७४०० |
| घ. | कृषक दिवस मनाउने तथा अन्तिम प्राविधिक प्रतिवेदन तयारी | ११२५० |
| | जम्मा | १००००० |

अनुसूची–११

## मौरी कृषक पाठशाला परिक्षणहरू

क) तुलनात्मक अध्ययन :– कृषक तरिका र असल मौरीपालन अभ्यास तरिका (एक एक वटा घारगोला मौरी खरिद गरी अध्ययन गर्ने)

| सि.नं. | कृषक तरिका | असल मौरीपालन अभ्यास तरिका |
|---|---|---|
| १. | उन्नत घारको प्रयोग पाच फ्रेम मौरी | उन्नत घारको प्रयोग पाँच फ्रेम मौरी |
| २. | आधार चाका विहिन फ्रेमको प्रयोग | आधार चाका प्रयोग |
| ३. | मह काढ्ने बेलामा मात्र निरीक्षण | प्रत्येक १० दिनको अन्तरालमा निरीक्षण |
| ४. | अभावको बेलामा कृत्रिम आहारा व्यवस्था गर्ने | अभावको बेलामा कृत्रिम आहारा व्यवस्था गर्ने |
| ५. | रानी छेक्ने पाता नराख्ने | रानी छेक्ने पाता राख्ने |
| ६. | घार स्टेण्ड नराख्ने | घार स्टेण्ड कचौरा राख्ने |
| ७. | कोष नटालेको मह समेत काढ्ने | ८५ प्रतिशत कोष टालेको मह काढ्ने |
| ८. | रोग र कीरा पहिचान विना औषधि उपचार | पहिचान गरेर आवश्यकता अनुसार औषधि उपचार |
| ९. | ब्रुड ख्याल नगरी मह काढ्ने | सुपरको मह मात्र काढ्ने |
| १०. | मह नछानीकन डिव्वामा राख्ने (कपडा) | छानेर मात्र डिब्बाबन्दी गर्ने जाली |
| ११. | असल मह भण्डारण प्रविधि विना मह राख्ने | असल मह भण्डारण प्रविधि अपनाउने |

ख) सुलसुलेको व्यवस्था परीक्षण

उपचारहरू

१. जैविक विधि (तितेपानी, असुरो आदि) लाई मौरी घारको भित्रि ढक्कनमाथि राखी अध्ययन गर्ने ।

२. एपीस्टानको प्रयोग (आसनबोर्डमा)

३. रानी विहिन गराउने (३ दिनसम्म)

४. भाले छाउरा नष्ट गरेर (मह प्रवाहको शुरूमा भाले चाका प्रयोग गरी हुर्केका भाले छाउरा प्युपा अवस्थामा पुगेपछि सो चाका गोलाबाट बाहिर झिकी सुलसुले नष्ट गर्ने ।)

ग) मौरीलाई विषादीको असर अध्ययन: मौरीलाई चरन क्षेत्रमा लैजाँदा त्याँहा रहेका बालीहरूमा विषादी प्रयोग गर्दा असर पुऱ्याउने हुँदा बाली संरक्षणमा कुन विषादी प्रयोग गर्दा मौरीलाई असर पर्दैन सो कुरा कृषकहरूलाई बुझाउन जरूरी भएकोले यो परीक्षण राखिएको हो ।

उपचारहरू

१. जैविक वनस्पतिहरूको मिश्रण प्रयोग (१:६) विहान राख्ने साँझ हटाउने ।

२. निमजन्य विषादीको प्रयोग निर्मक्स वा मार्गसम वा निम्बीसिडिन निकोनिम २(३ एम.एल. प्रति लिटर पानीमा राख्ने ।

३. रासायनिक औषधिको प्रयोग ।

घ) मौरी र बाली परागसेचन अध्ययन

उपचार

१. तोरी बालीलाई फूल फुल्नु अगाडी झुलले ढाक्ने

२. तोरी बालीलाई फूल फुल्नु अगाडी झुलले नढाक्ने

अनुसूची-१२

## पाठशालामा संचालन गरिने विशेष कक्षाहरू

### मौरी कृषक पाठशाला संचालन विशेष प्राविधिक कक्षा

| क्र. सं. | हप्ता | विषय वस्तु | शिक्षण विधि | आवश्यक सामाग्री | जिम्मेवारी व्यक्ति |
|---|---|---|---|---|---|
| १. | पहिलो हप्ता | मौरीको जीवन चक्र र वर्ग अनुसारको शारिरीक बनावट र कार्य विभाजन | समूह छलफल र गोलाको अवलोकन चित्राङ्कन | मौरी घार गोला विभेल पन्जा ह्याव टुल बाउण्ड पेपर मार्कर, टेप, स्केल | |
| २. | दोस्रो हप्ता | मौरीपालनमा प्रयोग हुने घार तथा सामाग्रीहरूको जानकारी | समूह छलफल र व्यवहारिक अभ्यास उप-समूह | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ३. | तेस्रो हप्ता | मौरी गोलामा कृत्रिम रानु उत्पादन गर्ने तरिका | समूह छलफल र व्यवहारिक प्रयोगात्मक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ४. | चौथो हप्ता | मोरीमा हुने गृह त्याग र हुल निर्यासको व्यवस्थापन | समूह छलफल र व्यवहारिक प्रश्न उत्तर | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ५. | पाँचौ हप्ता | रानु उत्पादन, गोला विभाजन र समायोजनको तरिका | समूह छलफल र व्यवहारिक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ६. | छैठौं हप्ता | परम्परागत घारबाट आधुनिक घारमा मौरी सार्ने, हुल समात्ने तरिका | समूह छलफल र व्यवहारिक फल्ड भ्रमण मुडे घार राखेको ठाँउमा | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ७. | सातौं हप्ता | कृत्रिम आहारा, आधार चाका र चाका व्यवस्थापन | समूह छलफल र व्यवहारिक प्रयोगात्मक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ८. | आठौं हप्ता | मौरीमा लाग्ने रोगहरू र कुपोषण सम्बन्धी जानकारी | छलफल र रोगी मौरी घारको अवलोकन | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ९. | नवौं हप्ता | मौरीको शत्रुहरूबारे जानकारी | समूह छलफल र संकलन वर्गीकरण | मौरी घार गोला पक्रने जाली डिब्बा प्लाष्टिक थैला रवर लेन्स | |
| १०. | दसौं हप्ता | मौरी परजिवी (सुलसुलेको व्यवस्थापन जैविक विधि असुरो तितेपाति) एपिस्टोनको प्रयोग रानु पिजाडा गर्ने | समूह छलफल र व्यवहारिक फिल्प चार्टको प्रयोग | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| ११. | एघारौं हप्ता | परागसेचन र मौरीको सम्वन्ध बारे जानकारी | समूह छलफल र व्यवहारिकनेटिङ गरेर तोरीको प्लटको अध्ययन गर्ने | नेट जाली स्केल व्यालेन्स ब्राउण्ड पेपर मार्कर आदि | |
| १२. | बाह्रौं हप्ता | मौरीपालनको कृषक तरिका र असल मौरीपालन अभ्यास तरिका बीचको अन्तर सम्वनधवारे समिक्षा | समूह छलफल र व्यवहारिक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| १३. | तेह्रौं हप्ता | मौरी गोला स्थानान्तरण बारे जानकारी | समूह छलफल र प्रश्न उत्तर प्रयोगात्मक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| १४. | चौधौं हप्ता | विषादिले मौरीमा पार्ने असर र एकीकृत शत्रु जिव व्यवस्थापन | समूह छलफल र व्यवहारिक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| १५. | पन्ध्रौं हप्ता | मौरी चरन पात्रो निर्माण | मौरी चरन पात्रो तयारी | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि | |
| १६. | सोह्रौं हप्ता | मह उत्पादन भण्डारण प्रशोधन र बजारीकरण | समूह छलफल र व्यवहारिक | मौरी घार गोला विभेल पन्जा ह्याव टुल आदि मह मदानी | |

## अनुसूची-१३

### मौरी फार्म केन्द्रहरूबाट प्रति १००० वटा रानु उत्पादन गर्दा लाग्ने खर्च

| सि.नं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गुणस्तर आमा गोला खरिद | संख्या | १० | १०००० | १००००० | |
| २. | चिनी चास्नी खुवाउन प्रति घार प्रति वर्ष १५ किलोग्रामका दरले | किलोग्राम | १५० | ८० | १२००० | |
| ३. | ग्राफ्टीङ घार गोला | संख्या | ५ | ९००० | ४५००० | |
| ४. | न्यूक्लियस घार | संख्या | १०० | २००० | २००००० | |
| ५. | ग्राफ्टीङ सामान | सेट | ५ | १५००० | ७५००० | |
| ६. | मौरीको स्याहार सम्भार गर्ने ज्यामी खर्च | जना | ३० | ५०० | १५००० | |
| ७. | मौरी घार गोला स्थानान्तरण तथा ओसार पसार ढुवानी | पटक | २ | ५००० | १०००० | |
| ८. | प्राविधिकहरूको आते-जाते दैनिक भत्ता एक पटकमा २ जनाले ३ पटकको | जना | ६ | ५००० | ३०००० | |
| ९. | विविध खर्च | | | | ३००० | |
| | जम्मा: | | | | ५,००,००० | |

## अनुसूची-१४

### मौरी क्लिनिक (बी क्लिनिक)

| सि.नं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रचार प्रसार (एफ.एम., पर्चा, माइकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २. | मौरी उपचार शिविर संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैंची, लेन्स, भाइल, पेपर, केमिकल्स, व्यानर आदि) | पटक | १ | ३००० | ३००० | |
| ३. | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १००० | १००० | |
| ४. | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि) | पटक | १ | ५०० | ५०० | |
| ५. | मौरी उपचार शिविर व्यवस्थापन खर्च | पटक | १ | १५०० | १५०० | |
| ६. | खाजा खर्च | जवान | १० | ५० | ५०० | |
| ७. | प्रतिवेदन तयार | पटक | १ | ५०० | ५०० | |
| | कुल जम्मा | | | | ९००० | |

नोट: मौरी उपचार शिविर संचालनका लागि इन्धन र कर्मचारीको दै.भ्र.भ. यसमा समावेश गरिएको छैन । इन्धन र कर्मचारीको दैनिक भ्रमण भत्ता सम्बन्धित आयोजक संस्था/कार्यालयले शिविर संचालन स्थलसम्म पुग्न, कार्यक्रम संचालन गर्न र फर्कन लाग्ने समयका आधारमा विनियोजन गर्नुपर्नेछ । एप्रोन र क्याप सेतो वा हरियो रङको हुनुपर्नेछ र एप्रोन र क्यापमा "मौरी क्लिनिक विज्ञ" भन्ने वाक्यांश छापेको वा ईम्ब्राईडरी गरेको हुनुपर्नेछ ।

## अनुसूची-१५

### European Foul Brood (EFB) व्यवस्थापन कार्यक्रम संचालन गर्दा लाग्ने खर्च ।

| सि.नं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रचार प्रसार (एफ.एम., पर्चा, माइकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २. | कार्यक्रम संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, व्यानर आदि) | पटक | १ | १०००० | १०००० | |
| ३. | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १५०० | १५०० | |
| ४. | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि) | पटक | १ | ५०० | ५०० | |
| ५. | EFB उपचार परीक्षण औषधि खर्च प्रति कृषक रु.१००० का दरले १० जना कृषकहरू | पटक | १ | १००० | १००० | |
| ६. | प्राविधिकहरूको दै.भ्र.भत्ता २ जना एक पटकका दरले कम्तिमा पनि ४ पटक | जवान | ८ | ४००० | ३२००० | |
| ७. | शिविर संचालनको लागि इन्धन | पटक | ४ | ८०० | ३२०० | |
| ८. | प्रतिवेदन तयार | पटक | १ | ८०० | ८०० | |
| | जम्मा | | | | ६०००० | |

## अनुसूची १६

### सुलसुले (Mites) व्यवस्थापन अभियान कार्यक्रम संचालन गर्दा लाग्ने खर्च विवरण ।

| सि.नं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रचार प्रसार (एफ.एम., पर्चा, माइकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २. | मौरी माइट व्यवस्थापन गर्न संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, व्यानर आदि) | पटक | १ | १०००० | १०००० | |
| ३. | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १५०० | १५०० | |
| ४. | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि) | पटक | १ | ५०० | ५०० | |
| ५. | माइट व्यवस्थापन उपचार नमुना प्रदर्शन खर्च प्रति कृषक रु.१००० का दरले १० जना कृषकहरू | पटक | १० | १००० | १०००० | |
| ६. | प्राविधिकहरूको दै.भ्र.भत्ता २ जना एक पटकका दरले कम्तिमा पनि ३ पटक | जवान | ६ | ४००० | २४००० | |
| ७. | शिविर संचालनको लागि इन्धन | पटक | ३ | ५०० | १५०० | |
| ८. | प्रतिवेदन तयार | पटक | १ | ५०० | ५०० | |
| | जम्मा | | | | ५०००० | |

## अनुसूची-१७

## ३५ हेक्टरमा रेशमखेती गर्दा लाग्ने खर्च विवरण

| क.सं. | कार्यक्रम | इकाई | परिमाण | प्रति इकाई मूल्य (रु.) | जम्मा लाग्ने खर्च (रु.) | केन्द्रले व्यहोर्ने | कृषक सहकारीले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| १. | किम्बु क्षेत्र विस्तार | हेक्टर | ३५ | | | | |
| २. | किम्बु बिरुवा वितरण | संख्या | ३५०००० | २ | ७००००० | ५९५००० | १०५००० |
| ३. | क्लष्टर निर्माण | संख्या | ७ | १५०० | १०५०० | ८९२५ | १५७५ |
| ४. | स्थलगत तालिम | संख्या | ३५ | ३०००० | १०५०००० | १०५०००० | ० |
| ५. | किम्बु बिरुवा उत्पादन | संख्या | ३५०००० | २ | ७००००० | ५९५००० | १०५००० |
| ६. | रेशम बीज उत्पादन | बक्स | | | ० | ० | ० |
| ७. | बीजकोया उत्पादन | किलोग्राम | | | ० | ० | ० |
| ८. | उपकरण वितरण | संख्या | १५ | १००० | १५००० | १२७५० | २२५० |
| ९. | साना किरापालन भवन निर्माण | संख्या | ४ | ३००००० | १२००००० | १०२०००० | १८०००० |
| १०. | चौकी किरापालन तथा वितरण | बक्स | | | ० | ० | ० |
| ११. | किरापालन घर निर्माण अनुदान | संख्या | ६ | २००००० | १२००००० | १०२०००० | १८०००० |
| १२. | ढुवानी अनुदान | पटक | २ | २३००० | ४६००० | ३९१०० | ६९०० |
| १३. | प्राविधिक सेवा टेवा | पटक | ४० | ४००० | १६०००० | १६०००० | |
| | | जम्मा: | | | ५०८१५०० | ४५००७७५ | ५८०७२५ |

## अनुसूची–१८
## मौरी स्रोत केन्द्रको विशिष्टकरण तथा मापदण्ड

मौरी स्रोत केन्द्रको स्थापना र स्रोत केन्द्रको रुपमा काम गर्न निम्न मापदण्डहरू पूरा गरेको हुनु पर्ने गरी स्रोतकेन्द्रको बिशिष्टीकरण गरिएको छ :

१. कानुनमा व्यवस्था भए अनुसार सरकारी मान्यता प्राप्त संस्थामा दर्ता भई व्यावशायिक कीट विकास केन्द्र वा मौरीपालन शाखा कार्यालयहरुमा समेत सुची दर्ताको समयावधि भित्र सुची दर्ता गरेको हुनु पर्नेछ ।

२. प्यान वा भ्याटमा दर्ता भएको हुनु पर्ने छ ।

### क) मौरी घार तथा उपकरण स्रोत केन्द्र

१) मौरी घार तथा उपकरण स्रोतकेन्द्र स्थापनाको लागि सरकारी मान्यता प्राप्त संस्थाबाट कम्तीमा १५ कार्य दिनको मौरी घार तथा उपकरण स्रोतकेन्द्र तालिमको पाठ्यक्रममा उल्लेख भए अनुसारको तालिम लिएको हुनु पर्ने छ ।

२) मौरी घार र घारसँग सम्बन्धित अन्य उपकरणहरुको नापजांच सेरेना जातको मौरीको लागि बनेको घारको सम्बन्धमा न्यूटन बी स्क्वायर टाईपमा उल्लेख भएको नापजांच र मेलिफेरा जातको मौरीको लागि बनेको घारको सम्बन्धमा ल्यागंस्ट्रोथ (Langstroth Type Bee Hive) टाइपमा उल्लेख भएको नापजांच अनुसार हुनु पर्ने छ ।

३) अन्य मापदण्डहरु नेपाल सरकार कृषि विकास मन्त्रालय द्धारा स्वीकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका, २०७४" अनुसार हुने छन् ।

### ख) मौरी गोला स्रोत केन्द्र

१) मौरी गोला स्रोत केन्द्र स्थापनाको लागि कम्तिमा पनि मौरी गोला स्रोत केन्द्र स्थापना सम्बन्धी एक हप्ते तालिम लिएको हुनु पर्ने छ ।

२) अन्य मापदण्डहरु नेपाल सरकार कृषि विकास मन्त्रालय द्धारा स्वीकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका, २०७४" अनुसार हुने छन् ।

### ग) रानी मौरी उत्पादन स्रोत केन्द्र

१) रानी मौरी उत्पादन स्रोत केन्द्र स्थापनाको लागि कम्तिमा पनि २१ कार्य दिनको रानी मौरी उत्पादन सम्बन्धी तालिम लिएको हुनु पर्ने छ ।

२) अन्य मापदण्डहरु नेपाल सरकार कृषि विकास मन्त्रालय द्धारा स्वीकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका, २०७४" अनुसार हुने छन् ।

### घ) आधारचाका निर्माण स्रोत केन्द्र

१) आधारचाका निर्माण स्रोतकेन्द्र स्थापनाको लागि संचालकले आधारचाका निर्माण सम्बन्धी कम्तिमा पनि ३ दिने तालिम लिएको हुनु पर्ने छ ।

२) अन्य मापदण्डहरु नेपाल सरकार कृषि विकास मन्त्रालय द्धारा स्वीकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका, २०७४" अनुसार हुने छन् ।

### ङ) मौरीपालन, उपकरण निर्माण तथा जनशक्ति विकास तालिम स्रोत केन्द्र

१) मौरीपालन, उपकरण निर्माण तथा जनशक्ति विकास तालिम सम्बन्धी पाठ्यक्रम तयार गरी व्यावशायिक कीट विकास केन्द्र वा अन्य नेपाल सरकारबाट मान्यता प्राप्त निकाय बाट पाठ्यक्रम स्वीकृत गराएको हुनु पर्ने ।

## अनुसूची–१९

च्याउ बीउ स्रोत केन्द्रको मान्यता प्राप्त गर्न निम्नानुसार मापदण्ड पूरा गरेको हुनु पर्नेछ :

१. हरेक दिन कम्तिमा पनि १०० किलोग्राम बीउ उत्पादन गर्न सक्ने आधुनिक च्याउ बीउ उत्पादन गर्न आवश्यक पर्ने प्रयोगशाला भवन ।
२. च्याउ बीउ उत्पादन गर्न आवश्यक पर्ने अटोक्लेभ, लेमिनार फ्लो जस्ता उपकरणहरू जडान ।
३. प्रयोगशालामा काम गर्ने दक्ष जनशक्ति कम्तिमा B.Sc. Ag. वा B. Sc. Forestry वा Bs Microbiology वा B.Sc Biotehnology वा B..Sc. Biology अध्ययन गरेको हुनु पर्नेछ ।
४. बीउ उत्पादन गर्न आवश्यक पर्ने Master culture स्वयं आफै उत्पादन गर्ने वा नेपाल सरकारले तोकेको स्थानबाट ल्याएको हुनु पर्नेछ ।
५. Pure Culture लाई लामो समयसम्म बचाई राख्न सक्ने क्षमता हुनु पर्दछ ।
६. आफुले प्रयोग गरेको Strain P value जानकारी दिन सक्ने हुनु पर्दछ ।
७. स्रोत केन्द्रमा बीउ उत्पादन गर्दा Spawn to Spawn गर्न पाइने छैन ।
८. उत्पादित च्याउको बीउलाई Filter pp bag मा मात्र राखेको हुन पर्दछ ।
९. प्यान वा भ्याटमा दर्ता भएको हुन पर्दछ ।
१०. सम्बन्धित विषय विशेषज्ञहरूबाट समय समयमा निरीक्षण गराई प्रमाणित गराउनु पर्नेछ ।

## अनुसूची–२०

### मौरी च्याउ र रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० पहिलो संशोधन २०७३ मा थप तथा परिवर्तन भएका कार्यक्रम र बजेट व्यवस्थापन चेक लिष्ट

| क.सं. | कार्यक्रम | अनुदान या खर्च शीर्षकहरू | अनुदान प्रतिशत वा खर्च बजेट | कैफियत |
|---|---|---|---|---|
| २.३ | एपी-टुरिजम कार्यक्रम | मौरीघार गोलामा अनुदान | ९० | नयाँ कार्यक्रम |
| २.४ | सामुदायिक वा कबुलियत वनसँगको सहकार्यमा विपन्न वर्ग लक्षित मौरी विकास कार्यक्रम संचालन | मौरीघार गोला आधारचाका उपकरणहरूमा | ९० | नयाँ कार्यक्रम |
| | | चिउरी नर्सरी स्थापनामा | प्रति नर्सरी रु.५००००।- | नयाँ कार्यक्रम |
| २.५ | गुणस्तर मौरी रानु उत्पादन कार्यक्रम | आवश्यक पर्ने आमाघार गोला उपकरण तथा प्राविधिक सेवा टेवा समेतको खर्चहरू | प्रति १००० रानु उत्पादनको लागि रु.५ लाख सम्मको खर्चहरू | मौरी फर्महरूको नियमित स्वीकृत कार्यक्रमलाई सहज बनाउन तयार गरिएको |
| २.६ | मौरी क्लिनिक संचालन (बि क्लिनिक) | अनुसूची १४ मा उल्लेख भएको शीर्षकहरूमा गरिने खर्च | प्रति क्लिनिक रु.९०००।- | मौरी फर्महरूको नियमित स्वीकृत कार्यक्रमलाई सहज बनाउन तयार गरिएको |
| २.७ | European Foul Brood (EFB) व्यवस्थापन | अनुसूची १५ मा उल्लेख भएको शीर्षकहरूमा गरिने खर्च | प्रति कार्यक्रम रु.६०००।- | मौरी फर्महरूको नियमित स्वीकृत कार्यक्रमलाई सहज बनाउन तयार गरिएको |
| २.८ | सुलसुले (Mites) व्यवस्थापन अभियान | १ दिने नि:शुल्क संचालन हुने कार्यक्रममा अनुसूची १६ | प्रति कार्यक्रम रु.५०००।- | मौरी फर्महरूको नियमित स्वीकृत कार्यक्रमलाई सहज |

| | | | | |
|---|---|---|---|---|
| | | अनुसारको खर्चहरू | | बनाउन तयार गरिएको |
| २.९ | चिउरीको बिरुवा उत्पादन तथा वितरण | चिउरीको बीउ मलखाद अन्य रसायन खरिद र बिरुवा उत्पादन देखि वितरण गर्ने समयसम्मका ज्यामी खर्चहरू र बिरुवा वितरण गर्दा लाग्ने खर्चहरू | स्थानीय दररेट अनुसार | मौरी फर्महरूको नियमित स्वीकृत कार्यक्रमलाई सहज बनाउन तयार गरिएको |
| २.१० | मौरी चरन क्षेत्रको सर्वेक्षण | सर्भे गर्न जाने पदाधिकारीहरूको यातायात तथा दै.भ. र आवश्यक पर्ने स्टेशनरी आदि खर्च | स्थानीय दररेट अनुसार | नयाँ कार्यविधि |
| २.११ | मौरीपालन कृषक पाठशाला संचालन | अनुसूची १० अनुसार पाठशाला संचालनका विभिन्न चरणहरूमा हुने खर्चहरू | प्रति पाठशाला रु.१०००००।- (सम्म) | विगत वर्षहरू देखि नै संचालन हुँदै आएको आइ.पी.एम. कृषक पाठशालाको नर्मसमा आधारित |
| २.१२ | निजी क्षेत्रमा च्याउको कल्चर संरक्षण गर्ने ल्यावको स्थापना | प्रयोगशाला निर्माण गर्दा लाग्ने औजार उपकरण प्राविधिक सेवा र अनुगमन आदिमा हुने खर्चहरू | ल्याव स्थापना लागतको ५० प्रतिशत वा बढीमा विनियोजित बजेट मध्ये जुन कम हुन्छ सो अनुदान | नयाँ कार्यविधि |
| ३.१ | सरकारी सहकारी साझेदारीमा किम्बुखेती विस्तार | अनुसूची १७ का खर्चहरू | ८५ प्रतिशत अनुदानका दरले प्रति क्लष्टर (१०० रोपनी) रु.६ लाख २० हजारसम्म अनुदान दिने | आ.व. २०७३/०७४ को बजेट वक्तव्यमा उल्लेख भएको कार्यक्रमको सुरूवात भएकोले लक्ष्य अनुसार ५००० हेक्टरमा किम्बु क्षेत्र विस्तार गर्न लाग्ने खर्च र प्रतिफल अनुसूची २० मा उल्लेख गरिएको छ । |
| ४.१ | मौरी जन्य उप उत्पादन तथा संकलन केन्द्र स्थापना अनुदान | ५०० वटा गोलाघार र मौरीजन्य सह उत्पादनको लागि आवश्यक पर्ने सामाग्री तथा प्राविधिक सेवा टेवाको लागि हुने खर्चहरू | ५० प्रतिशत मूल्य अनुदान वा बढीमा रु.२० लाखसम्मको अनुदान | मौरीको मह मात्र नभै अन्य सह उत्पादनबाट पनि कृषकहरू लाभान्वित बनाउन नयाँ नमुना मौरी फर्मको शुरूवात गरिने |
| ४.२ | मह मेला संचालन | ४ दिनसम्म सार्वजनिक स्थलमा संचालन हुने मेलास्थलको भाडा गोष्ठी तथा प्रचार प्रसारमा हुने खर्चहरू | लागतको ५० प्रतिशत खर्च वा विनियोजित बजेटको परीधिसम्मको बजेट सहकार्य गर्ने संस्थालाई अनुदान दिने | विगत वर्षहरूमा सरकारी स्तरबाट मात्र सिमित क्षेत्रमा संचालन गरिँदै आएकोमा सहभागीताको रुपमा बृहत रुपमा सार्वजनिक स्थलमा संचालन गर्न । |

अनुसूची–२१

कन्ये र गोब्रे च्याउखेती गर्ने कृषकहरुलाई टहरा निर्माण गर्न आवश्यक पर्ने सामाग्रीहरु र लाग्ने रकमको अनुमान

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | छाप्रो बनाउन आवश्यक हतियार (हसिया, बन्चरो, खन्ती आदि) | संख्या | | | |
| २. | बाँस | संख्या | | | |
| ३. | बाँसका छाप्रालाई मिल्ने नापका खामाहरु | संख्या | | | |
| ४. | बाँसका बलाहरु | संख्या | | | |
| ५. | घुमाउने भाटाहरु | संख्या | | | |
| ६. | सिधा भाटाहरु | संख्या | | | |
| ७. | छाप्रोको खामा, बला र भाटाहरु बाँध्ने डोरी | संख्या | | | |
| ८. | छाउने प्लास्टिक | संख्या | | | |
| ९. | माथिबाट छोप्ने गुन्द्री | संख्या | | | |
| १०. | पोका झुन्ड्याउदै जाँदा बिचमा टेका दिने बलाहरु | संख्या | | | |
| ११. | सिकुवा बार्नको लागि आवश्यक भाटा, किला, बाँस, पराल वा छवाली | संख्या | | | |
| १२. | अन्य सामाग्रीहरु (आवश्यक सामाग्रीहरु थप गर्ने) | | | | |
| | जम्मा: | | | | |